# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ८, अंक ३४, २०७८ चैत १ मंगलवार (Jhuleni Post Weekly) 15 Mar. 2022 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय :
प्यूठान न.पा.-४, बिजुवार

Email :
jhulenipyuthan@gmail.com


### गाउँमा राजनीतिक दलका चुनावी अभियान

# स्थानीय तह निर्वाचनको सरगर्मि बढ्दै




**झुलेनी पोष्ट,**
**प्यूठान**

जिल्लाका गाउँ गाउँमा स्थानीय निर्वाचनको चुनावी सरगर्मि बढ्न थालेको छ । जिल्लामा क्रियासिल राजनीतिक दलहरुले स्थानीय तह केन्द्रित चुनावी अभियान, प्रशिक्षण र अभिमुखीकरण कार्यक्रमलाई तिब्रता दिएका छन् । आउँदो बैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनको लागि आफ्नो पार्टी र पार्टीबाट टिकट पाउने उम्मेद्वारहरुलाई जिताउन सबै दलहरु आ-आफ्ना एजेण्डा सहित गाउँ पस्न थालेका हुन् । दोस्रो पटक हुन लागेको स्थानीय तहको निर्वाचनमा दलहरुले आफ्नो पक्षमा मत आकर्षित गर्ने गरी अभियान चलाएका छन् । जिल्लाका प्रमुख राजनीतिक दलहरुले गाउँपालिका स्तर, वडा पालिका स्तर र टोल टोलमा बैठक, भेला, सभा तथा छलफलका कार्यक्रम राख्ने क्रमलाई तिब्रता दिएका छन्। आसन्न निर्वाचनका लागि सबै पार्टीले मतदाता रिझाउन नेता-कार्यकर्ताहरू सहित विकासे योजना दिन थालेका छन् । नेकपा एमाले नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा र नेकपा माओवादी केन्द्र निर्वाचन केन्द्रित कार्यक्रम सहित गाउँ पसेका हुन् । नेकपा एमाले प्यूठानले जिल्लामा सबैभन्दा पहिले चुनावी अभियान थालेको हो । एमालेले जिल्लाका ६४ वटै वडाका सबै बस्तिमा टोल कमिटि गठन कार्यलाई तिब्रता दिएको छ । हालसम्म ९२ प्रतिशत टोल कमिटि गठन भइसकेको र बाँकी ठाउँमा गठनको प्रक्रिया चलिरहेको जिल्ला कमिटि अध्यक्ष बिजयविराज विष्टले जानकारी दिए । विष्टका अनुसार जिल्लाका ७ वटा स्थानीय तहमा निर्वाचन केन्द्रित गाउँपालिका स्तरीय

बाँकी ३ पेजमा

# अर्घाखाँचीमा एमाले बिरुद्ध ५ दलीय गठबन्धनको सहमति

अर्घाखाँची जिल्लामा नेकपा एमालेका बिरुद्ध ५ दलीय गठबन्धन हुने भएको छ । माथिको निर्णय जे भएपनि अर्घाखाँचीमा ५ दलीय गठबन्धन कायम राख्ने निर्णय भएको हो । अब हुने तीनै तहको निर्वाचनमा गठबन्धन गरेर अगाडि बढ्ने पाँच दलबीच सहमति भएको हो । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकत समाजवादी, राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टीले सन्धिखर्कमा सोमवार पत्रकार सम्मेलनको आयोजना गरी यसबारे जानकारी दिइएको हो । स्थानीय तह, प्रदेश र संघीय निर्वाचनका साथै जिल्ला स्तरीय संघ संस्थाका चुनावमा गठबन्धन गरेर अगाडि बढ्ने सहमति भएको जानकारी गराइएको हो । पाँच दलका शीर्ष नेताहरूको बैठकले गठबन्धन गरेर अगाडि बढ्ने निर्णय गरेको कांग्रेसका जिल्ला सभापति केशव श्रेष्ठले जानकारी दिए । नेकपा एमालेका बिरुद्ध आफूहरु सबै दल मिलेर अगाडी बढ्ने निर्णय भएको उनले जानकारी दिए । माथिको निर्णय जे भएपनि अर्घाखाँचीमा एकताबद्ध भएर सबैखाले निर्वाचनमा होमिने निर्णय भएको श्रेष्ठको भनाई छ । संयुक्त पत्रकार सम्मेलनमा नेपाली कांग्रेसका जिल्ला सभापति केशव श्रेष्ठ, माओवादी केन्द्रका प्रदेश सदस्य छमकुमारी खनाल, राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य शेरबहादुर बिसी, नेकपा समाजवादी का जिल्ला अध्यक्ष रामबहादुर चौहान र जनता समाजवादी पार्टीका जिल्ला अध्यक्ष जिन्दक खड्का लगायत सहभागी थिए ।

### जीवनको रङ्ग

# जो अल्लो अभियान्ता बनिन्

**तेजेन्द्र बि.एम.**
**झुलेनी पोष्ट, प्यूठान**



कुनै मेला महोत्सव हुन हुदैन। त्यहा अल्लोका सामान बोकेर टुप्लुक्क पुगिहाल्छीन नौबहिनी-१, स्याउलीबाङ्की चित्रकली बुढामगर । श्रीमान खिमबहादुर र अन्य कपडा बुन्ने, सिलाउने कामदार सहित पुग्दा ५४ वर्षीय उनलाई सबैले अल्लोको अभियन्ता चित्रकली दिदी आइन भनेर सम्बोधन गर्दछन् । उनको स्टलमा पुग्ने जो कोहिले पनि एउटा अल्लोको टोपी त लगाउन पऱ्यो भनेर किन्दी हाल्छन् । बुढालाई अल्लोले निकै परिचित बनाएको छ । उनले प्रदेश सरकाले प्रदान गरेको रत्न पदक समेत प्राप्त गरेकी छन् । उनले अल्लोबाट बुनेका टोपी, कोट, व्याग लगायत कपडा बिक्री गर्ने गर्दछिन । नेपाल सरकार र ग्राहकको मायाले आफूलाई अल्लो व्यवसायमा लाग्न थप हौसला मिल्दै गएको बुढाले बताउँछिन् । प्रदेश ५ प्रमुखको हातबाट प्रदेश स्थापनाको अवसर पारेर उनले पदक पाएकी थिइन् । 'पदकले मेरो गर्जो त टर्दैन,' उनले भनिन, 'कामका लागि थप हौसला चाहि ठूलै हुदोरहेछ ।' २० वर्ष अघिसम्म उनले जिल्लाकै दुर्गम गाउँ स्याउलीबाङमा परम्परागत रुपमा भांग्रो (अल्लोको कपडा) बनाउथिन् । कपडा बनाउन उनलाई आमाले सिकाएकी थिइन् । अल्लो सिस्नो प्रजातिको वनस्पति हो । उनले गाई/बाख्रा चराउन जाँदा जंगलबाट त्यही सिस्नोको धागो निकालेर लिन्थिन। जागर लगाएर परिवारलाई चाहिने कपडा

बाँकी ६ पेजमा.....

### हाम्रो नजर

# आहा! सुन्दर छत्तिवन गाउँ



*भालुबाङ प्यूठान सडकमा यात्रा गर्ने यात्रु धेरैले सम्झने ठाउँ हो खहरेखोला। खहरेको पहिरोका कारण धेरैले सास्ती व्यहोरेका छन् भने गाडीमै रात कटाएका पनि छन् । त्यही खहरे पारी देखिने सुन्दर गाउँ सरुमारानी गाउँपालिका ४ स्थित छत्तिवनका स्थानीयले पनि माडी नदिका कारण वर्षौंवर्ष दुःख पाइरहे । नदि तर्दा दर्जनौको ज्यान गयो, धेरै पौडेर बाँचे । केहि वर्ष पहिलेसम्म निकै दुःखका साथ गाउँ पुग्नु पर्थ्यो उनीहरुलाई । माडि नदि पार गर्न निकै जोखिम थियो । हिउँद बर्खामा नै धेरै सास्ती थियो । तर, हिजोआज उनीहरुका दिन फेरिएका छन् । यहाँ स्थित छत्तिवन घाटमा झोलुङ्गे पुल निर्माण भएको छ । यसले गर्दा भालुबाङ प्यूठान सडकबाट यात्रा गरेर गाडीबाट झरेपछि स्थानीय १० मिनेटमै सहज रुपमा गाउँ पुग्न सक्छन् । उनीहरुलाई खोलाले बगाउलाकी भन्ने त्रास पनि छैन अहिले । गाडी भेटाउन सडकमा आउन पनि १० मिनेट भन्दा बढि समय लाग्दैन । बस्तुभाउलाई स्याउला, दाउरा गर्न जंगल गएर फर्कन पनि सहज छ । पुलले गाउँलाई जिल्लाको मुख्य सडक सञ्जालसंग जोडेको छ । पुल निर्माणले आफूहरुको दिनचर्या नै फेरिंदीएको स्थानीय बताउँछन् । हिजोआज यहाँ पाकेको गहुँबालीले गाउँलाई गहना लगाए झै सुन्दर बनाएको छ । वारीबाट खहरे-गर्जेनी क्षेत्रबाट हेर्ने जो कोहिलाई पनि पारी पुगु-पुगु झैं हुन्छ ।*

# न.पा.को सुनुवाइमा सधै एउटै गुनासा



*प्यूठान नगरपालिकाले शुक्रबार सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको छा नेपाल पत्रकार महासंघले सहजीकरण गरेको कार्यक्रममा आ.व. २०७८/०७९ को प्रगति विवरण सार्वजनिक गर्नुका साथै सेवाग्राही र नगरवासिसंग दोहोरो संवाद समेत गरिएको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधीकृत महेश कुमार गुरुङले प्रगति प्रतिवेदन प्रतिवेदन पेश गर्दा नगरपालिकाको सन्तोषजनक भौतिक तथा बित्तिय प्रगति देखिएन। नगरपालिकाको कुल बजेटको हालसम्म ३३.४८ प्रतिशत मात्र बजेट खर्च भएको सार्वजनिक गरियो । यद्यपी ९० प्रतिशत योजनाहरु सम्झौता भएको भनिएको छ ।*

*नगरपालिकाले आफै बताए अनुसार पनि यी योजनाहरु विगत वर्षहरुमा झै यस वर्ष पनि असारकै समयमा हतार हतार सक्नुपर्ने हुन्छ। असारमा हतारहतार गर्ने कामले उपलब्धि राम्रो देखिदैन । प्यूठान नगरपालिकामा, फोहोरमैला व्यवस्थापन, बाग्दुलामा रहेको तरकारी तथा फलफुल संकलन केन्द्र संचालन, नागरिक सहायता कक्ष (हेल्प डेस्क) सुचारु, योजनाका सार्वजनिक सुनुवाइहरु नहुने, सार्वजनिक सुचना बोर्ड नराख्ने विगतका सार्वजनिक सुनुवाइमा उठ्ने गुनासाहरु यसपटक पनि दोहोरिए । हरेक पटक सञ्चालन हुने सार्वजनिक हुने सुनुवाइमा सेवाग्राहीबाट उठेका सवालहरुमा प्रतिवद्धता जनाउने गरेपनि कार्यान्वियन गरेको देखिदैन ।*

झुलेनी पोष्ट

सम्पादकीय....

## कलाकारले हल्लाइदिने राजनीति नगरौं

*गायक प्रकाश सपुतको नयाँ गीतले सशस्त्र द्वन्द्व, फेरिएको व्यवस्था र नफेरिएको अवस्थाबारे व्यापक बहस सिर्जना गराएको छ। गीतले १० वर्षे 'जनयुद्ध' गरेको पार्टी नेकपा माओबादीको राजनीतिलाई हल्लाइदिएको छ। कलाकारको गीत 'पीर' बजारमा आएसंगै माओवादी नेता-कार्यकर्ताले आक्रोश पोखेका छन् । चार भातृ संगठनले विज्ञप्ति नै जारी गरेर युट्युवबाटै भिडियो हटाउन र सार्वजनिक माफी माग्न सर्जकसँग माग गरेका छन् ।*

*वास्तविक पात्रहरूको जीवन कथा बुनेर गीत र भिडियो बनाएकोमा विरोध गर्नु भनेको एउटा कलाकारकै गीतबाट माओवादी पार्टीको भावी राजनीति यात्राको जरा खल्बलिएको हो भन्न सकिन्छ । गितका सर्जक मार्फत 'पिर' नामक गिती सिर्जनाले युद्धकै जग/बलमा व्यवस्था परिवर्तन भएको तर अवस्था परिवर्तन नभएको भन्न मात्रै खोजेका छन् । समानताका लागि सँगै लडेका कमरेडहरूबीच बढ्दै गएको असमान दूरी देखाउन मात्रै खोजीएको छ। भिडियोमा देखिएका पात्र काल्पनिक नभएको र पूर्व छापामारलाई आफूले प्रत्यक्ष देखेको र संगत गरेको बिषय बाहिर आउनमा आपत्ती जनाउनु राम्रो होइन ।*

*सपुतले बाहिर ल्याएको पूर्व छापामार गर्जो टार्नका लागि जुनसुकै काम गर्न पछि परेका छैननकी भन्ने देखाइएको एउटा दृश्य धेरैले मन पराएका छैनन । कतिपयले देह व्यपारमा लागेको अर्थ लगाएका छन् । यसले जनयुद्धमा लागेका चेलीको आत्म सम्मानमा ठेस् पुऱ्याउँछ । नकी एउटै कलाकारको माओवादीका धेरै नेता-कार्यकर्ताले चुनावको मुखमा ल्याइएको यो गीत राजनीतिक प्रतिशोध प्रेरित भएको आरोप लगाएका छन् । गीतमा दल सम्बद्ध व्यक्तिबाट आएका आक्रोश र धम्कीपूर्ण अभिव्यक्ति समग्र वाक् स्वतन्त्रताकै विरुद्धका हुन् । राजनीतिक विषयमा बनेका गीत र भिडियोमा दलका नेता-कार्यकर्ता उत्तेजित हुनु राम्रो पटक्कै होइन। राजनीति दल र नेताले आलोचना सहन, पचाउन सक्नुपर्छ। गीतको एकै झड्काले ढल्ने कस्तो पार्टी बनेको रहेछ भनेर समीक्षा गर्नुको साटो उनीमाथि प्रहार गर्नुको कुनै अर्थ छैन । एउटा कलाकारलाई बहिष्कार अभियान चलाउनुको साटो आफ्नो नेतृत्वहरुलाई औंला उठाउने हो कि !*

# राजनीतिबाट बिभत्स 'युवाहरूका सपना'

बसाई हिँड्नेको ताँतिले बस्नेको मन रुवाउँदछ ।
लाखौंको लागि उजाड छ यो देश, मुठ्ठी भरलाई त स्वर्ग छ ।

छोरा र छोरीको आँसु देख्दा छाति पोलेर आउँदछ ।
साहुको ऋण सम्झदा मनमा डढेलो लाग्दछ ।
बसाइँ हिड्नेको ताँतिले......



हरीप्रसाद भण्डारी

जे.वी. टुहुरेले आफ्नो जीवनको उत्तरार्द्धसम्म गुञ्जाईरहने आमजनता र युवाहरुको वास्तविक हालतको शब्द संयोजन हो यो । आज पनि लाखौंका लागि उजाड छ यो देश मुठ्ठी भरलाई त स्वर्ग छ। निःशुल्क स्वास्थ्य, सुरक्षित र सम्मानित रोजगारी, व्याक्तिगत, पारिवारीक, आर्थिक, सामाजिक तथा सांस्कृतिक सुरक्षाको सुनिस्चितता, निःशुल्क शिक्षा, भौतिक पुर्वाधार तथा मानव विकास, संविधान प्रदत्त र अन्तराष्ट्रिय मानव अधिकारहरुको सुनिस्चितता । वस्, यो नै आज एक युवाले देख्ने सबैभन्दा ठुलो सपना हो । अर्थात् देशमै सुरक्षित र सम्मानित रोजगारी मिलोस। दिनभर पसिना बगाएपछी साँझ परिवारसंगै एक छाक खाएर सुत्न पाईयोस, सुत्ने वेला छोरी बलात्कृत हुने, आमा उपचार नपाएर मर्नु पर्ने, श्रिमती मन्दिर जाँदा कुटिनु पर्ने, छोरा पढ्ने पैसा नभएर खाडी पस्नु पर्ने अनि बुढेसकालमा भोकमरीले मर्नुपर्ने वा प्रौढमा आफ्नो भुमीबाट खेदिनुपर्ने त्रासले अनिद्रा नहोस् । तर, सबथोक उल्टो भईरहेको छ । युवाहरु खाडीमा काँध खुल्काई रहेका छन्, छोरीहरु विद्यालयबाट फर्किदा बलात्कृत भईरहेका छन, हजुरआमाहरु खोकी लाग्दा उपचार नपाएर मरिरहेका छन्, मनको आस्था र हातको कर्मका आधारमा विभेदपुर्ण जीवन बिताउनु परेको छ, खाडीमा युवाले पसिना बगाएको पारिश्रमिक शैक्षिक दलालहरुले लुटिरहेका छन्, पुर्खौंदेखि आदिवासीहरुले नङ्ग्रा खियाएको भुमि माफियाहरुको कब्जामा छन् ।

युवाहरुसंग 'हामी विर गोर्खाली' भन्ने ईतिहास देखी गर्व गरिएको वाक्य बाहेक केहि छैन । सबथोक खोसिएर पनि यो मुलुकको गौरव, नेपाली हुनुको गर्व, राष्ट्र र माटो प्रतिको प्रेम र राष्ट्रियता एवं स्वाभिमानमा छिसिक्कै कमि आउन दिएको छैन । यो देशका धेरै भिआईपी र भिभिआईपिहरुको कोटको यौटा खल्तिमा नेपाली नागरिकता र अर्को खल्तिमा पि.आर. वा ग्रीनकार्ड छ । कैयौंका नाममा नेपालमा सुन्य सम्पत्ती भएर छोराछोरी र श्रीमतीका नाममा युरोप र अमेरीकाका ठुला सहरमा गगनचुम्मि वंगलाहरु छन्। उनिहरुको भान्छामा जुम्लाको मार्सि, रोल्पाको सिस्नु, दाङको बधिया, पुर्वको कङ्कनाथ र सोलुखुम्वुको घ्यु हरेक दिनपुग्छ । सामान्य अस्वस्थ हुँदा विश्वका सबैभन्दा सुविधा सम्पन्न महँगा अस्पत्तालको पहुँच छ । यत्रो खाडल र अन्तरालका विच आज युवाहरुले आशा, विश्वास र भरोसा गर्न छोडिसकेका छैनन् ।

मुलुकमा हाम्रो लोकतन्त्र छ, हाम्रो पार्टी छ, हाम्रो सपना छ र सन्निकट उदाउँदै गरेको समृद्धी छ । यी सब सपना मनमा सजाएर खाडिमा जलिरहेको युवाको शरीर जब शव हुन्छ, ६ महिना लगाएर बाकसमा सन्तानको शव फर्काउँन त्यहि वर्गसंग हात जोडनु नै अन्तिम विकल्प रोज्ने अभिभावक देख्दा यौटा बालकले सौंच्छः अब त केही होला ! साँच्चि, विद्रोहको ज्वालामुखीको टुप्पोमा आज पनि आशाको दियो बलिरहेको छ । युवाहरु मैनबत्ति जस्तो खाडिमा जलेर यो देशमा आशाको दियो बालिरहेका छन् । विदेशिएका युवाहरुले पठाएको रेमिट्यान्स र वैदेशिक ऋणले मुलुक धानिएको छ । मानौ देश उनिहरुले चलाईरहेका छन् । तर, चुनावहरु आउँछन जान्छन् रेमिट्यान्सले देश चलाईरहेका उनिहरुको मत गणना हुनेत परै जावस उनिहरु के सोच्छन भनेर समेत सोचिन्न । स्वदेशमै केहि गरौं भन्ने युवाहरुका लागी न आशाको वातावरण छ न भविस्यको सुनिस्चितता । हरेक दिन युवाहरुको टाउकोमा राष्ट्रिय ऋण थुप्रिदैछ । विश्वका धेरै देशहरुले नागरिकलाई उपलब्ध गराउने मुल्यभन्दा कैयौं गुणा महँगो मुल्यमा दैनिक जिवन यापन गर्नु परेको छ ।

नागरिकलाई संविधानले अधिकार दिएका धाराहरु कहिल्यै हेरिएन। सरकार वनाउने, ढाल्ने, नयाँ बनाउने, विश्वासको मत, अविश्वासको प्रस्ताव, महाअभियोग जस्ता फगत राजनीतिक फण्डाहरु माथि रटान लगाईयो, पटक-पटक प्रयोग गरियो । तर, आधारभुत स्वास्थ्य, शिक्षा, युवाहरुको रोजगारी, शान्ति सुरक्षा, उत्पादन तथा उद्यमशिलताका बारेमा न केहि सोचियो न केहि बोलियो । सत्ता, शक्ती र सरकारका फोहोरी खेलहरु जस्ले साधारण र आधारभुत वर्गलाई सकारात्मक हिसाबले छुदैन त्यहि विषयले राजनीति, सञ्चारमाध्यम, नागरिक समाजका संस्था र संगठनहरुमा प्राथमिकता पाईरह्यो । सरकार ढाल्न र चुनाव जित्नबाहेक आमजनताका एजेण्डाहरु कहिल्यै प्राथमिकतामा परेनन् । सडकमा नारा लगाउँदा आमजनताका एजेण्डाहरु डकार्ने र सत्तामा पुगेपछी सत्ता स्वार्थको निम्ति जस्तासुकै हर्कतहरु पनि गर्ने भद्धा दलाली र बेईमानीले आजको व्यवस्था माथिनै निराशा उत्पन्न भईरहेको छ । सत्ता जोगाउन रातारात मन्त्रालय फुटाएर अर्वौ खर्च बढाईन्छ, आवश्यक नै नभएको दरवन्दी श्रृजना गरेर घर बस्ने कार्यकर्तालाई राज्यकोषको रकम बाडिन्छ, आफुलाई जस् नमिल्ने भएपछी राष्ट्र वर्वाद भए पनि चुँवोलिन्न ।

आधारभुत वर्गले अहिले पनि आफ्नो व्यवस्थाको अनुभुति गर्न पाएको छैन । विश्वको कैयौं मरुभुमीले घेरीएका गरिव देशहरुले यो ५०-६० वर्षको विचमा आफ्नै देशको जनशक्ती, प्राकृतिक सम्पदा, खनिज र योजनाको प्रयोग गरेर महाशक्ती राष्ट्रहरुलाई चुनौतिदिने भईसकेका छन् । गरिव भनिएका कैयौं मुलुकहरुमा महाशक्ती राष्ट्रका नागरिकले रोजगारी खोज्ने लहर चलेको छ । अबको ५, १० र ५० वर्षमा संसारको अवस्था, आवश्यकता र संभावित चुनौतिहरुको विश्लेषण गरेर नयाँ खोज र आविश्कार गरिरहेका छन् ताकिः त्यति बेला समेत विश्व बजार र अर्थतन्त्रमा पछि पर्नु नपरोस । उनिहरुले आजको विश्व बजार, जीवनशैली, विश्वव्यापी नीति र आमलगानीको विश्लेशण गरेर दशकौं पछिका योजना बनाईरहेका छन् । सरकार परिवर्तन भए पनि मुलभुत राष्ट्रिय निती, अर्थतन्त्रका रणनितीक दृष्टिकोण र योजनाहरु, संवैधानिक आयोग र निगमका योजना एवं जनशक्ती र योजनाहरुमा ठुलो बदलाव ल्याईदैन । तर, हाम्रो मुलुकमा यो ५०-६० को दशकमा केवलवाद, व्यवस्था र सत्ता परिवर्तनका खेल खण्डहरु मात्र चलिरहे । कैयौं आन्दोलन र जनधनको क्षेति भयो । प्राय अनुहार पुरानै भए पनि व्यवस्थाका नाम र संरचनाहरु बदलिए । तर, बिवशता हाम्रो मुलुकमा कति समयका लागी के विधिवाट कुर्ची र सत्ताको खेल लम्व्याउने भन्ने बाहेक योजनाहरु बन्दैनन्। महँगीले सिमा नाघिसकेको छ । बेरोजगारीको समस्या व्याप्त छ ।

आधारभुत र विपन्न वर्गको दैनिकी कठिन र कष्टपुर्ण छ । साधारण जीवनयापनको निम्ती आज मुलुकका युवाहरु जस्ता`सुकै जोखिम मोल्न बाध्य छन् । शिक्षामा व्यापक दलालिकरण र असमानता छ । दुर्गमका कैयौं जनता आज पनि आधारभुत स्वास्थ्य सेवाको पहुँचमा छैनन् । शैक्षिक जनशक्ती मुलुकबाट पलायन भईरहेको छ । प्राकृतिक श्रोत साधन, खनिज तथा नदिनालाहरु शक्तीकेन्द्र र वैदेशिक मुलुकको कब्जामा छन् । शान्ती सुरक्षा चुनौतिपुर्ण अवस्थामा छ । न्यायालयमा खुलमखुल्ला पैसाको वार्गेनिङ चल्छ । आफ्नाहरुको मलजल र कमिसनको खेल चल्ने ठाउँमा बजेटको ओईरो लाग्छ तर, त्यसो नहुने ठाउँमा विकासको खडेरी लाग्छ । हरेक चुनावहरुमा युवाहरुका मन स्वर्णिम सपनाले सजाईन्छन् । तर, तिनै सपनाहरु चुनाव पछी बलात्कृत हुन्छन सपना देखाउनेहरुबाटै । आजका युवाहरुमा राजनीतिबाट देखाईएका सपनाहरु राजनीतिबाटै बलात्कृत भएका छन् ।

राजनीतिका प्रतिवद्धताहरु फगत झुट, बेईमानी र धोकाधडी बनिरहेका छन् । राजनीतिमा आफ्ना आश्वासन र प्रतिवद्धता माथिको उत्तरदायित्व र जवाफदेहिता शुन्य छ । हाम्रा शासकहरुलाई कुर्ची र सत्ताको फोहोरी खेलबाहेक जनताका एजेण्डाहरुले छुदैन । जनताका आवाजहरु सुन्न र बोल्नका लागि कि चुनाव आउनुपर्छ कि त सत्ता वदल्ने सिक्वेन्स चलाउने उपयुक्त समय भएको हुनुपर्छ । यो निकै ठुलो विडम्वना हो । हरेक व्यवस्था परिवर्तनका आन्दोलनहरुले केहीको वर्ग उत्थान त भयो तर, आमजनताको दैनिकिमा महसुस गराउन पहल भएन । युवाहरुलाई सपना देखाउने र ति सपनाहरुलाई वेवारिसे बनाउने र बिभत्स हत्या गर्ने निर्मम शोषणको निरन्तरता रहिरह्यो भने यस्ले निकै ठुलो विद्रोह जन्माउन सक्छ । युवाहरुका निम्ती उजाड र अवसरबिहिन देशमा समृद्धी आउन

बाकी ७ पेजमा

# चुनाव कुरा: दिउँसै सपना देखाउने देखि सावधान

उस्ले भन्यो- तँ कुन पार्टीको मान्छे होस ? यसपाली भोट कस्लाई दिने? यस्तै प्रस्नहरु थप्दै थियो । म उसको कुरा सुनिरहेको थिए। बोल्दै जाँदा उस्ले भन्यो म यसपाली त भोट नदिने सोंचमा छु। म केहि बोलिन । उस्ले गुनासोका चांङ तेर्साइरको थियो। मसँग सुन्ने बाहेक उस्लाई दिने केही जवाफ थिएन। उ त एउटा गरिखाने मान्छे हो । उस्को जस्तै गुनासा जनतासँग कति छन कति ? तपाइले कहिले सुन्नु भएको छा

हुन त म कुनै दल निकटको मान्छे हैन तर मलाई लाग्छ, समाजमा केही गर्छु भन्नेका लागि अवसर दिनु पर्छ र उस्लाई मनै देखि सहयोग पनि गर्नु पर्छ। समाजमा समाज सेवा गर्छु भनेर धेरै मान्छेहरुलाई प्रलोभन देखाएर ठगी धन्दा चलाउने, राजनीतिको खोल ओढेर जनता झुक्याउने प्रवृत्तीले हाम्रो समाजमा जरा गाडेको छ । समाज रुपान्तरणका लागि युवाहरुलाई अवसरको बाटो खुल्ला गर्नुको साटो तानातान र हानाहान मात्र गरेको देख्दा मलाई मात्र हैन गाउँका सोझा जनताहरु पनि राजनीति प्रति वाक्क भएका छन ।

स्थानीय चुनाव आउदै गर्दा नेताहरु गाउँका सोझा-साझा जनतालाई झुक्याउँदै विभिन्न प्रलोभन देखाउदै आफुतिर आकर्षण गर्नका लागि हाम्रो गाउँमा मात्र हैन देशका कुना-कुनामा गुमनाममा रहेका गाउँमा पनि टुप्लुक्क पुगेको देखिन्छ । विचरा ति सोझाँ, सामाजीक संजाल नबुझेका जनताको के दोस आज यो पार्टीमा भोलि यो पार्टीमा भनेर फोटो पोष्टाएको । साच्चै जनता चाहिन्छ भने चुनाव मा मात्र हैन हर बखतमा जनतालाई साथ देऊ । चुनावमा मात्र हैन तिमी मर्दा पनि जनताले मलामी बनेर साथ दिने छन ।

गाउँ गाउँमा सिंह दरबार आयो भनेर खुशी हुने, हामी पाँच वर्ष सम्म के उपलब्धी भयो भनेर देखाउने काम छैन । गाउँ जाने बाटा उस्तै छन । नागरिकका दुख पिडा उस्तै छन। कोरोना महामारीबाट थलिएको हाम्रो समुदायमा कुनै उपलब्धी हुनै सकेको छैन। जे गरेउ नि तिम्रा आसे-पासे लाई गरेउ। न त साँच्चीकै कृषकले अनुदान पायो, न त डिग्री पास गरेकोले कुनै काम पायो। चुनावमा देखाएका सपना तिम्रा आफन्ती, आसेपासे मालामाल त भए तर जनताका लागि खै ? समुदायमा प्रायः घरका सदस्यहरु भारत तथा तेस्रो मुलुक नगएको कुनै पनि घर भेटिदैनन्। वैदेशिक रोजगारमा गएका युवाहरुको चित्कार र पिडा सुन्दा साच्चै तिम्रा बकम्फुसे भाषणले केहि नाप्दैन। रेमिट्यान्सले धानिएको हाम्रो देश तिम्रा चिल्ला कुराले अब केहि गर्ने वाला छैन। अब साच्चै समाज रुपान्तरण गर्न चाहान्छौ भने आउ भिजन लिएर नत्र तिम्रो चिल्ला कुरा जनताले गाउँबाट लखेट्न समय लागाउँदैनन। बरोजगारी ले थलिएको हाम्रो समुदायका हामी काम गर्छु भन्दा पनि काम नपाउँदा आफैलाई लाग्छ



मधुसुदन पोखेल

देश मात्र सुन्दर हो देशमा सासन चलाउने त कालो मन भएका हुन। राजनीतिमा वितृष्णा जगाउने अगुवा वा नेता भनौदाको प्रवृत्तिले हो । राजनीति राम्रो हो तर राजनीति गर्नेहरुको गलत प्रवृत्तिले समाज बिगारेको बुझ्न सकिन्छ। अब साच्चै राजनीति गर्न चाहान्छौ, समाज रुपान्तरण गर्न चाहान्छौ भने आफ्नो कार्यकालमा गर्ने कामको लिष्ट बनाउँ। लिस्ट मात्र हैन प्रतिवद्धता गर, गर्छु मात्र हैन काम गरेर गरैं भनी जनतालाई देखाऊ। बल्ल तिम्रो राजनीति सफल हुनेछ नत्र जनताले तिमिलाई बुझिसकेका छन । यो पार्टी र त्यो पार्टी भन्नु भन्दा पनि राम्रो गर्नेका लागि अवसर देऊ। अगाडी सारम भन्ने कुरा टोल, वस्ती, घसिया, गोठाले, समुह, ज्यामीहरु, कृषक, गृहणी देखि चिया गफमा पनि यो चर्चा चल्न थालेको छ । देउँसै सपना देखाउने देखि सावधान !

## गाउँमा राजनीतिक........

प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएका छन् । यहि चैत ३ गते ऐरावती गाउँपालिका र ५ गते नौबहिनी गाउँपालिकामा पालिका स्तरीय प्रशिक्षण कार्यक्रम तय गरीएको उनले जानकारी दिए। गाउँपालिका स्तरीय प्रशिक्षण कार्यक्रम पश्चात वडा स्तरका कार्यक्रमबारे छलफल हुने अध्यक्ष विष्टको भनाई छ। गाउँ केन्द्रित कार्यक्रममा जिल्ला स्तरीय नेता मात्र नभएर केन्द्रिय नेताहरु पनि सहभागी छन् ।

नेकपा एमाले पोलिट व्युरो सदस्य एवं प्यूठान इन्चार्ज सूर्य थापा, केन्द्रिय सदस्य तथा प्यूठान सह इन्चार्ज हरिप्रसाद रिजाल, लुम्बिनी प्रदेश कमिटि सदस्यहरु, जिल्ला कमिटिका पदाधिकारी सहित पार्टीको कार्यदिशा र नितिबारे प्रशिक्षणमा खटिएका हुन् । एमालेले जिल्लामै पहिलो पटक अन्य दलहरुले भन्दा तल्लो तह सम्मै एमाले चिनाउने र हरेक वस्तिमा पुग्ने लक्ष्य सहित काम अगाडी बढाइरहेको अध्यक्ष विष्टले जानकारी दिए। गाउँ गाउँमा पार्टी प्रचारका लागि पार्टीका जनसंगठनहरुको अधिवेशन सम्पन्न गर्दै चुनावी कार्यबारे प्रशिक्षण भइरहेको उनले बताए । एमाले प्यूठानको नवौ अधिवेशनपछि गाउँ केन्द्रित अभियानका क्रममा ३ हजार २ सय कार्यकर्ता अन्य पार्टीबाट प्रवेश गरेको अध्यक्ष विष्टले बताए । आफ्नो पार्टीले अघिल्लो पटक निर्वाचनका बेला घोषणापत्र अनुसार काम भए/नभएको समीक्षा गर्दै, बिजयी भएका ठाउँमा आफ्नो स्थान सुरक्षित राख्दै अन्य ठाउँमा सत्ता खोस्ने गरी निर्वाचन केन्द्रित कार्यक्रममा होमिदै भावी रणनिती सहित अघि बढेको एमाले प्यूठानले जनाएको छ।

नेपाली कांग्रेस प्यूठानले आइतवार जिल्ला समितिको बैठक राखेर सोमवारदेखि अभियान थालेको हो । जिल्ला समितिको निर्णय अनुसार निर्वाचन क्षेत्र, गाउँपालिका र वडापालिका स्तरको बैठक राखेर गाउँबस्तिमा पुग्ने निर्णय भएको उपसभापति देबेन्द्र बर्माले बताए । जिल्लाभर १ महिने अभियान सञ्चालन गरीने बताउँदै बर्माले ६४ वटै वडा र ७ सय ४१ टोलमा पुगेर टोल समिति निर्माण हुने बताए । अभियानका क्रममा टोल समिति गठन, स्थानीयका समस्या संकलन, कांग्रेसको विचार प्रवाह गर्ने कार्य हुनेछन्। उपसभापति बर्माका अनुसार चैत १३ गते मध्यावधि समिक्षा कार्यक्रम राखीएको छ भने चैत २९ गते एक महिने अभियान सम्पन्न हुनेछ। अभियानका लागि कांग्रेसले केन्द्रिय प्रतिनिधि सहित प्रदेश र जिल्ला समितिले प्रनिनिधि खटाएको छ।


चुनाव केन्द्रित अभियानका लागि नेकपा माओवादी केन्द्र र राष्ट्रिय जनमोर्चाले योजना बनाउँदैछन् । माओवादी केन्द्रको लुम्बिनी प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम चैत २ र ३ गते बुटवलमा सम्पन्न गरेपछि गाउँकेन्द्रित अभियान सञ्चालन हुने बताइएको छ । साबिक निर्वाचित भएका ठाउँमा आफ्नो स्थान सुरक्षित राख्ने माओवादी केन्द्रको योजना रहेको छ।

राष्ट्रिय जनमोर्चाले आज जिल्ला कमिटिको बैठक राखेर चुनावी रणनिती बनाउने तयारीमा रहेको छ । राजमोले चुनावी प्रचारप्रसारका लागि हरेक पालिकामा कार्यकर्ता खटाउने र अन्य राजनीतिक दलका झूटा र गलत कामबारे जनतालाई सचेत गराउने अभियान सञ्चालन हुनेछ। संघीयताको बिरोध, राष्ट्रघाती एमसीसि सम्झौताको भण्डाफोर गर्ने रणनिती कार्यकर्ता र मतदाताबिच लैजाने योजनामा राजमो रहेको छ।

# महिला हप्काइरहेका लोग्नेहरू

अनिता न्यौपाने

८ मार्च भर्खरै सकियो। यो दिन आउनुअघि नै हामीले आ-आफ्ना संस्थाका कार्यक्रम-योजना सुनायौँ। सबैले आ-आफ्ना ठाउँबाट उपस्थितिका लागि अनुरोध गर्ने भनियो। तर, कार्यक्रमको अन्तिम दिन अर्थात् ८ मार्चकै दिन समयमा कोही आइपुगेनन् । बिस्तारै केही नारीहरू आउन थाले। किन ढिलो ? कसैले भने- खाना बनाउँदा बनाउँदै ढिला भयो। कसैले भने- दुई बाटा लुगा धुनु थियो त्यो सक्दा ढिला भयो। कोही भन्दै थिए- उहाँ हिजो कार्यक्रमबाट ढिला आइस्या थियो, बिहान चिया खुवाएर निस्कुँला भनेको उहाँ उठ्नै ढिलो भो। कोही त भन्दै थिए- आज पूजा पनि गर्न पाइएन। समस्याका आ-आफ्नै पहाड थिए।



नारीका कार्यक्रममा कैयौं नारी छुटे। कारण एउटै- घरधन्दा। ब्यानरमा लेखिएको थियो- नारी मुक्तिका कुराहरू, तर त्यही ब्यानरलाई कुनै घरको झ्यालबाट हेरेर कुनै घरकी नारी लजाइरहेकी थिइन्। बजार परिक्रमा गरियो। भाषण गरियो, तर असाध्यै छिटो। केही छोराछोरी स्कुल पठाउन घरतिर दौडिए। कसैलाई खाना बनाउनु थियो, श्रीमान् अफिस पठाउन। नारी दिवसका दिन सबै नारीलाई घरकै कामको चटारो थियो।

कार्यक्रममा उपस्थित नारीहरूलाई घरबाट बारम्बार फोन आइरहेको थियो। श्रीमान्को फोन रिसिभ गर्दै नारीहरू भनिरहेका थिए, ‘स्वतन्त्रता जिन्दावाद !’ श्रीमान्हरू सोधिरहेका थिए, ‘कहाँ छ मेरो मोजा ? छोरीको स्कुलको टाई भेट्टाइएन ! छोराको खाजाको व्यवस्था के गर्ने ? बिहानै लखरलखर नारी दिवस भनेर हिँडेको छ, ९ बज्न लागिसक्यो, अब फर्कने होइन ? नगई नहुने के रहेछ त्यो नारी दिवसमा ? म आउन भ्याउँदिनँ भनिदिएको भए पनि हुन्थ्यो नि !’ श्रीमान्हरू, सासूससुराहरू नारीहरूलाई हप्काइरहेका थिए। म आफूलाई खुब स्वतन्त्र छु भन्छु, तर जब बिहानै कतै कार्यक्रम वा मिटिङ पर्छ, मैले केही प्रश्न सामना गर्नुपर्छ- बिहानै किन राखेको ? दिउसो राखेको हो भने के जान्थ्यो ! श्रीमान्लाई भान्छा छिर्नै मन पर्दैन। पानी तताएर खाने सामर्थ्य छैन। चियाका लागि घण्टौं कुरेर बस्न सक्छन् वा कुनै पसलमा गएर चिया पिउन सक्छन्, तर भान्छामा पसेर चिया पकाउँदा उनीहरूको इज्जत जान्छ। तपाईंहरूलाई यस्तो दृश्य याद छ ? श्रीमान्ले उम्लन लागेको दूध हेरिरहेका छन् र कोही साथीले बोलायो, उनीहरू ग्यास अफ गरेर सीधै साथी भेट्न पुग्छन्। आज पनि गाउँघरतिर यस्ता पुरुष छन्, जो दूध बजारसम्म पुर्‍याउँछन्। चियापसलमा जमघट गर्छन् र देश बनाउने कुरा गर्छन्। गाउँ-सहरको खबर सुनाएरै दिन बिताउँछन्। चौतारोमा उभिएर धेरै विषय ‘जानेर’ घर फिर्छन्। आमाहरू आज पनि घरको चौघेरा नाघेर बाहिर निस्कन सकेका छैनन्। कोही साथीसँग अलि समय गफ गर्‍यो भने लोग्नेहरू सोध्छन्, ‘कोसँग नारिएर गफ गरिरहेकी ?’ टीभी हेरे पनि प्रश्न आउँछ, ‘कति टीभी मात्रै हेरेको ? टिलिसिरियलले यसको जिन्दगी सिध्याउने भयो !’ प्रश्नहरूकै दुनियाँमा आज पनि नारीहरू घुमिरहेकै छन्। घरव्यवहारमा जोतिइरहेकै छन्।

भन्न महिलालाई पृथ्वी भनिन्छ। तर, आमाहरूका दुःख फेरिएन। ऋग्वेद भन्छ, ‘बुद्धि छोटो हुने भएकाले स्त्रीको मनमाथि अधिकार जमाउन असम्भव छ।’ यही पाठ हामीले पुस्तौंदेखि घोक्यौं। महिलाहरू जीवनसाथीभन्दा पनि यौनदासी वा सेविकाका हैसियतमा छन् उहिलेदेखि अहिलेसम्मै । छोराछोरीको हेरचाह अनि घरव्यवहारमै बित्छ अधिकांश महिलाको जीवन।

समाजमा जर्बजस्ती जमेर बसेको बुझाइ छ, ‘महिला सहनशील हुन्छन्, शारीरिक रूपमा कमजोर हुन्छन्, घरभित्रै केन्द्रित हुनुपर्छ।’ यो धारणामाथि सबैले धारे हात लाउन अब ढिलो भइसकेको छ। महिलालाई पितृसत्ताभित्रै बन्धकी बनाइराख्नु नै हामी सधैं पछि पर्नुको खास कारण हो भन्ने नबुझुन्जेल समाज कसरी विकास हुन्छ ?

## नगरपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध बनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक : स्वर्गद्वारी नगरपालिका, भिंगृ प्यूठान**

झुलेनी पोष्ट साप्ताहिक

समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क

फोन : ०८६-५९०४३६

Email : jhulenipyuthan@gmail.com

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

## मुक्तक

॥१॥
रहेन खुशीको सिमा बोलिहाले म।
निकै नै तिब्र गतिमा बोलिहाले म ।
कहिले सम्म दबाएर राख्नु मनका चाहा,
भनेर एक बारको जुनीमा बोलिहाले म।

॥२॥
सहनु पर्छ अनेकौं दु:ख र पिर जीवनमा।
हुनु पर्छ कहिलेकाँही गम्भीर जीवनमा।
बरु सक्छौ भने बाचुन्जेल सहयोग गर,
के छ नै र मरेर लैजानु आखिर जीवनमा।

॥३॥
बोल्नुपर्नेछ जरुर आवाज उठाउनु पर्छ।
मिलाएर बिस्तारै सुर आवाज उठाउनु पर्छ।
सत्य कुराको पर्दापास गर्नका लागी,
झुटलाई बनाई चकनाचुर आवाज उठाउनु पर्छ।



**लालीमाया थापा मगर**
*नौबहिनी गाउँपालिका-२, लिघा, प्यूठान*

## गजल

सादा अनि कोरा लाग्छ यहाँ सप्तरंग पनि।
भित्रै कुल्चिएका लाग्छ मनका उमंग पनि।

जब, निर्दोषमै बनी लाग्छन आफन्तहरु बैरी,
झसङ्ग झस्किन्छ मन आफ्नै छाया संग पनि।

सच्चा मनको साँचो माया हुनु पर्छ यहाँ हजुर,
उन्कै मुहारमा मुस्कान भर्न हारिन्छ जंग पनि।

एकले अर्कालाई खुसी देख्नु माया भन्ने गर्छन,
र त ओल्छन होला पाउने तपस्या गरि भंग पनि।

रमितामा जुट्ने हातलाई के थाहा विश्वास कस्तो,
जब टुट्छ विश्वास लाग्दैन आफ्नै अंगअंग पनि।



**निम बहादुर शाही (रातोमुला)**
*ऐरावती गा.पा. ३ ददेरिपाटा प्युठान, हाल साउदी अरब*

## गजल

जनता अझै राष्ट्रघातीका भर परेका छन् ।
दिनहुँ आन्दोलन गर्दै सर्बसाधर्ण मरेका छन् ।

करोडौं भ्रष्टचार गरि जिन्दगी बनाए नेताले,
देशभरी आज दुर्गन्ध मात्र उनैले छरेका छन्।

लोकतान्त्रिक देश भन्दै झुकाई जनतालाई,
गठबन्धन सरकार भनी अगाडि सरेका छन्।

विश्वासका साथ आस राख्दै चुनाव जितायौं,
भ्रष्टाचार र अपराध त्यहीं नेताले गरेका छन्।

देशमा एउटा महान देशप्रेमी पनि भेटिएनन खै
जनताका खुन पसिनाले पो ढुकुटी भरेका छन्।



**श्यामकुमार क्षेत्री मुस्कान**
*नौबहिनी गा.पा ८ बल्लेखोला प्युठान हाल, भारत*

## गजल

म देखी तिमी ओर हौ या पर फरक पर्दैन,
मलाई माया या घृणा गर फरक पर्दैन!


सुगन्ध फैलाउने फूल हौ तिमी सबैलाई,
मेरो लागि तिमी फूल या झर फरक पर्दैन!

महलकी रानी महलमै सुहाउँछ तिमिलाइ,
गन्तब्य बिहिन हुँ,न घाट न घर फरक पर्दैन!

मृत्युको नासो बोकेर हिंडेको बटुवा हुँ म ,
मलाई सक्दो त्रास देउ या डर फरक पर्दैन!

गरिब लाई गरिबकै झुपडी प्यारो हुन्छ सधैं,
घर नजिकै पीपल होस या बर फरक पर्दैन!

यदि जीवनको अन्तिम पल मृत्यु आईहाले ,
हासेरै अँगाल्छु अघिपछि को छर फरक पर्दैन!



**बिक्रम बोहरा**
*नौबहिनी-६ लुङ्ग पूर्णगाउँ (प्युठान) हाल भारत*

## मुक्तक

॥१॥
अतितलाई सम्झिएर रुन्छु कति कति ?
आँसुको अर्को नाम रहेछ झुटो पिरती ।
कस्तो सोचेको थिएँ कस्तो बनाई गयौ,
लगिदियौ मेरा सारा झिटी झाम्टा जति।

॥२॥
रसिला ती अधर हरु चुम्न पाए हुन्थ्यो ।
नजरमा नजर मिलाइ झुम्न पाए हुन्थ्यो ।
रहर त धेरै थियोनी तिम्रो साथ हुनलाई,
अंगालोमा बेरिदै कतै घुम्न पाए हुन्थ्यो।

॥३॥
कल्पना मा डुब्दै जानु फोटो हेरी हेरी ।
गहिराइमा पुगे पछि फर्की आउनु फेरि ।
दुईदिनको जिन्दगी मा यस्तै रहेछ हजुर,
बिहानीमा उजेली त रात भरीकोअधेरी।।



**विष्णु पौडेल**
*पोखरा -६*

# घर देखि प्रदेशसम्मको जिन्दगी

## सत्य कथा



**गिर बहादुर के.सी.(बिरही)**
*गौमुखी गा.पा -६ लिवाङ्ग, प्यूठान हाल दुबई*

दुई जीवनको मिलन पछि दस महिना आमाको कोखमा रमाउदै यो सुनौलो धर्तिमा जन्म लिने हामी मान्छे। सायद, हामी यो धर्तीमा जन्म लिँदाको दिन हाम्रा बाबा-आमाको खुशीको सिमा नै हुदैन । आफ्ना जीवनमा बितेका हरेक सुख-दुःखका पलहरु बिर्सदै आफ्नो सन्तानको भविस्य अनि खुशी खोज्न त्यो दिन देखि फेरि नयाँ जिन्दगीको सुरु गर्ने हरेक बाबा आमाको इच्छा र चाहाना हुँदाहुँदै पनि लाखौं गरिब बाबा-आमाको एउटा सुनौलो सपना मात्र बन्न सफल हुन्छ। घरको स-सानो खेतबारी अनि साहुको मेला पातमा दिनभरी दुःख गर्दै पसिनाका धारा बगाएर रुखो सुको कहिले भोको पेट त कहिले आधा पेट खाँदै शरीरको एक सरो लुगा पनि ठाउँ-ठाउँमा तुनेर शरीर ढाक्न बाध्य हुन्छौं । आफ्ना सन्तानले चालेका हरेक पाइलाहरुमा आफ्ना हातहरु राख्दै यो स्वार्थले भरिएको समाज र परिवेश भित्र बाच्न राम्रो शिक्षा दिँदै हुर्काउन सफल हुन्छन। सबै बाबा-आमाको सोचाई हुन्छ।

भविस्यमा छोराछोरीलाई राम्रो शिक्षा दिँदै प्रगतिको बाटोमा पुराउने । तर बिडम्बना हाम्रो गरिबीको ! जसो-तसो गरि आफ्ना सन्तानलाई गाउँ घरको स्कुलबाट दस एघार कक्षासम्म पढाउन सफल हुन्छन । हुन त हरेक बाबा-आमाको मन भित्र होला नि । धनी साहुका छोराछोरी जस्तै आफ्ना सन्तान पनि धेरै पढेर डक्टर मास्टर बनेर समाजको सेवा गर्दै बाबाआमा अनि आफ्नो मान उच्च राखुन भन्ने । तर के गर्नु सहर बजारको त्यो महंगो कलेज सम्म पुराउने क्षमता नहुँदा आफ्ना अनि सन्तानका भविस्यको खुशी र इच्छाहरु गरिबीको टोकरीमा फाल्न बाध्य हुँदै फेरी सन्तानको पारिवारिक जीवनको भविस्य खोज्दै आफ्नो टाउको माथी ऋणको बोझ बोक्दै छोरा छोरीको बिबाहा गरि दिन्छन। सामान्य लेख पढ गरेर जागिर खाउला भन्ने नेपाल भित्र हिमाल, पहाड मा बस्ने हामी गरिब नेपालिको सपना मात्रै हो। यहाँ धन हुने हरु अनि आफन्त ठूलो पदमा हुने व्यक्तिले मात्र जागिर पाउने खेल हुन्छ सर्ब साधरण व्यक्ति जतिसुकै पढेलेखेका भए पनि जागिर पेसा मिल्दैन। आफ्नो लगानी गरेर कुनै सानोतिनो पेसा गरौ भने बिहान बेलुका छाक टार्नसम्म नसक्ने अवस्थामा हुने हामी हिमाली, पहाडी भेगमा बस्ने नेपाली ले अब के गरेर आफ्नो अनि परिवार को जिबीको चलाउने भन्ने खोज गर्नु पर्ने बाध्यता आइलाग्छ। अब त आफो काँधमाथि जिम्मेवारी थपिएको छ।

उता बाबाआमाको पनि दिन ढल्दै गएका छन। भोलि आफ्ना पनि सन्तान हुन्छन। सबै कुराको अन्दाज लगाउदै त्यहीं सानो खेत बारि अनि साहुको मेलापात गर्नु पर्ने बाध्यता हुन्छ। केही समयको त्यो दुःख पछि फेरि खाडी मुलुकको सोच मन भित्र उब्जेर आउन थाल्छ । खाडी जान पाए आफ्नो अनि परिवारको भविस्यमा केही गर्न सकिन्थ्यो कि भनेर। मन भरिका पीडा र चिन्ताले सताउदा अन्तिम विकल्प त्यहीं खाडी मुलुक नै रोज्नु पर्ने बाध्यता छ।

बुढेसकालका ती बाबाआमा अनि भर्खर बिहे गरेर लिएकी श्रीमतीलाई बल्ल-तल्ल मनाउदै साहु सङ्ग चर्को ब्याजको पैसा लिएर एक दुई दिनमा महङ्गो गाडी भाडा तिर्दै काठमाडौं पुगेर पासपोर्ट बनाउने। सिफारिस बुझाउन बिहान चार बजे देखि भोको पेटमा लाइन बस्दा बल्लतल्ल बेलुकाको चार बजेसम्म सिफारिस बुझाउँने पालो आउँछ । त्यो सिफारिस पनि यस्तो भएन, यो मिलेन, यो हुनुपर्छ, भन्दै भ्रस्ट कर्मचारीहरुले दुःख दिन छाडेका हुँदैनन । फेरि भोलि पल्ट हजार बाह्र सय खर्च गर्दै उहीं लाइन बसेर सिफारिस बुझाउनु पर्छ । अनि जनतन काठमाडौं को महँगो होटलहरुमा बसेर पासपोर्ट हात पारेको भोलि पल्ट फेरि मेन पावरहरु धाउँदै एउटा दलालको हातमा पासपोर्ट बुझाउँदै घर फर्कन्छौं । केही दिन पछि दलालले फोन गर्न सुरु गर्छ तिम्रो भिसा झरेको छ दुई लाख



लिएर यति दिन भित्र आउनु पर्छ भनेर। अनि फेरि गाउँ भरिका साहुसँग हात फैलाउँदै चर्को ब्याजमा ऋण लिएर विदेश अर्थात खाडी जाने तयारी हुन्छ । ती बुढा भएका बाबाआमा अनि प्यारी श्रीमती, गाउँ घरका उकाली, ओराली, भञ्ज्याङ् अनि पाखा पखेराहरु, हरियाली जङ्गल अनि आफूसँग हिँडडुल गरेका ती साथी-भाइहरुको माया मुटु भित्र अङ्गालेर निधारमा राटो टीका अनि गलामा फुलको माला लगाएर आसुका धाराहरु पुछ्दै जिउँदो आइन्छ कि रातो बाकसमा आइन्छ भन्ने मन भरि चिन्ता लिँदै त्यो सानो घर छोडेर सुनौलो भबिस्यको खोजिमा आकास माथी चार, पाँच घण्टाको यात्रा गर्दै खाडी वा विदेश पुग्छौं ।

खाडी पुगेको भोलि पल्ट बाट त्यो तातो घाम अनि बालुवाको धुलो मा आफ्ना अनि परिवार का सुनौला सपना खोज्न सुरु गर्दै हरेक रगतको कण भित्र मिसिएका पसिना का धारा बगाएर महिना भरी काम गर्दा आएको तलब देख्दा सोचेको खुसी फेरि सेलाउन थाल्छ्न । उता साहुको चर्को ब्याजका पैसा घरको दुख्ख नाना थरी कुरा सोच्दा रात भरी निद्रा आउदैन अनि कोल्टे फेर्दा फेर्दै उज्यालो हुन्छ । जसो तसो गरि दुई बर्स बिताउदा बल्ल साहुको रिण तिर्न सक्किन्छ अनि परिवार को दुख्झ जस्ताको तस्तै। फेरि दुई बर्स थपेर काम गर्नु पर्यो केही गर्न सक्किन्छ कि भनेर तर आफ्नै भाग्य भनौ कि दैबको दोस भनौ कहिले घरमा बिरामी कहिले आफू बिरामी अनि हालत रअव्स्था उहीं पुरानो। मुटु भरी सजाएका ती सुनौला सपना सानो घर को खुसी कहिले पूरा गर्न सकिएन।

उल्टो आफ्नो परिवार भन्दा टाढा भएर अझै पिडित हुन पुगियो तर प्रदेशीको मनमा खुशी कहिले छाएन। साएद आफ्नै नेपालमा साना तिना रोज गार अनि उधोग,कल कार्खाना भएको भए दुःख सुख गरेर भए पनि आफ्नो परिवारको माया त पक्कै मिल्ने थियो होला। सायद यो पीडा म जस्ता लाखौं पर्देशीको साचो कथा हो।

**झुलेनी पोष्ट** साप्ताहिक
**समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क**
०८६-५९०४३६
Email :
jhulenipyuthan@gmail.com

## नगरवासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री नगरपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**प्यूठान नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# प्यूठान नगरपालिकाद्वारा सार्वजनिक सुनुवाई सम्पन्न

तेजेन्द्र बि.एम.
झुलेनी पोष्ट प्यूठान

प्युठान नगरपालिकाले शुक्रबार सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। आ.व. २०७८/०७९ को प्रगति विवरण सार्वजनिक गर्नुका साथै सेवाग्राही र नगरवासिसंग दोहोरो संवाद गर्ने उदेश्यले सार्वजनिक सुनुवाई सम्पन्न गरीएको हो। नेपाल पत्रकार महासंघ जिल्ला शाखा प्यूठानले सहजीकरण गरेको कार्यक्रममा प्रमुख प्रशासकिय अधीकृत महेश कुमार गुरुङले प्रगति प्रतिवेदन पेश गरेका थिए। सहजिकरणको क्रममा संकलन गरिएका नागरिक प्रतिवेदन र वहिर्गमन प्रतिवेदन महासंघका कोषाध्यक्ष प्रज्वल पहाडीले गरेका थिए।




सार्वजनिक सुनुवाइका क्रममा प्यूठान नगरपालिकाका नागरिकले फोहोरमैला व्यवस्थापन गर्नुपर्ने, बाग्दुलामा रहेको तरकारी तथा फलफुल संकलन केन्द्र संचालनमा किन आएन ? नागरिक सहायता कक्ष (हेल्प डेस्क) सुचारु गर्नुपर्ने, योजनाका सार्वजनिक सुनुवाई किन हुन्? सार्वजनिक सुचना बोर्ड फोटो खिच्नको लागि मात्र राखिन्छ, यसको जवाफदेही हुने निकाय कुन हो ? २० युनिट सम्म विद्युत महसुल २ महिना मात्र तिरेर किन रोकियो ? लगायतका प्रश्नहरु राखेका थिए। नागरिक प्रतिवेदन, वर्हिगमित प्रतिवेदन र सार्वजनिक सुनुवाईको क्रममा उठेका प्रश्न र गुनासोहरुको जवाफ पालेसंग नगरप्रमुख अर्जुनकुमार कक्षपती, प्रमुख प्रशासकीय अधिकृत महेश कुमार गुरुङ, सम्बन्धित वडा अध्यक्षले दिएका थिए। प्रतिवेदन पेश गर्दै गुरुङले हालसम्म ३३.४८ प्रतिशत बजेट खर्च भएको र ९० प्रतिशत योजनाहरु सम्झौता भएको बताएका छन्। सार्वजनिक सुनुवाइमा आएका प्रश्नको जवाफ दिदै कक्षपतिले गत वर्षको सो मुल्यांकनमा ६३ प्रतिशतबाट ७३ प्रतिशत पुगेर सफलता मिलेको र यो आ.व. मा योजनाका कामहरुको परिणाम राम्रो भएकाले यसपालि पनि जिल्लाको सबै स्थानीय तह मध्य उत्कृष्ट नगरपालिका हुने विश्वास लिएको बताएका छन्। सार्वजनिक सुनुवाइको क्रममा उठेका प्रश्न र गुनासोहरुलाई छनोट गरि पत्रकार महासंघले नगरपालिकालाई नागरिक सहायता कक्ष (हेल्प डेस्क) स्थापना गर्न, सार्वजसिनक स्थलहरुमा १ महिना भित्र सम्बन्धित पक्षसंग छलफल गरि फोहोरमैला व्यवस्थापन गर्न, प्रत्येक योजनाका सम्पुर्ण विवरण सहितको सुचना पाटी सम्बन्धित ठाउँ र काम सुरु हुनु अगावै राख्नको लागि नगरपालिकाले ध्यान दिन, प्रदेश स्तरीय आयोजनाका विषयमा नगरपालिकाको दायित्व र भुमिकाबारे प्रष्ट पार्न समेत ध्यानाकर्षण गराएको छ। नगरपालिका प्रमुख अर्जुन कुमार कक्षपतिको अध्यक्षतामा सुरु भएको कार्यक्रमको सञ्चालन पत्रकार महासंघका कोषाध्यक्ष प्रज्वल पहाडीले गरेका थिए।

# नेपाल राष्ट्रिय शिक्षक संगठनको अध्यक्षमा शंकर

झुलेनी पोष्ट
प्यूठान




नेपाल राष्ट्रिय शिक्षक संगठन प्यूठानको १४ औं अधिवेशन शनिवार सम्पन्न भएको छ। अधिबेशनले शंकर थापाको अध्यक्षतामा नयां समिति चयन गरेको छ। समितिको उपाध्यक्षमा लक्ष्मी के.सी., राम बहादुर के.सी., सचिव खिम बहादुर रावत, कोषाध्यक्ष खिम बहादुर जि.सी., सचीव गिरिजा थापा, सह कोषाध्यक्ष लक्ष्मी सुवेदी के.सी. रहेका छन्। त्यस्तै सदस्यहरुमा शान्ता गिरी, माया गिरि, बिरेन्द्र भण्डारी, सिद्मिान थापा, सरदराज भण्डारी, देबराज पोखेल, टोपराम पोखेल, दुर्गा जी.सी., गिरिराज जैसी, चुमानसिह पुन, नेपाल सिंह पुरि, कमल गिरी, कल्पना कोइराला, कल्पना गिरी, सन्तोषी थापा, बालाराम सोमै, हुकुम घर्ती शेर बहादुर पाण्डे चयन भएका छन्।

त्यस्तै केन्द्रिय प्रतिनिधिमा लोकेन्द्र जि.सि., हिमा भण्डारी, रामराज पोखेल र रबिलाल खनाल रहेका छन्। कार्यक्रममा नेकपा एमाले पोलिट ब्युरो सदस्य एवं प्युठान जिल्ला इन्चार्ज सूर्य थापाको प्रमुख आतिथ्यता रहेको थियो। प्रमुख अतिथिको आसनबाट बोल्दै थापाले संगठनलाई शिक्षकका पेशागत हकहित र सुरक्षाका सवालमा गम्भिरता पुर्वक काम गर्नु पर्ने बताए। उनले संगठनमा काम गर्दा आफ्ना पेशागत छविमा आच आउने र दाग लाग्ने खालका कुनै पनि कार्य नगरी सजकताका साथ जिम्मेवारी निर्वाह गर्न निर्देशन समेत दिएका थिए। साथै उनले शिक्षकहरुले देशको मुहार फेर्ने, जनशक्ति उत्पादन गर्ने जस्ता महत्वपूर्ण कार्य गरेको भन्दै धन्यवाद प्रकट गरेका थिए। कार्यक्रममा नेकपा एमालेका केन्द्रिय सदस्य एवंम जिल्ला सह इन्चार्ज हरि रिजाल, नेकपा एमालेका जिल्ला अध्यक्ष बिजय बिराज बिष्ट, राष्ट्रिय शिक्षक संगठनका केन्द्रिय सदस्य एकदेब पन्थी, नेपाल शिक्षक महासंघ प्युठानका अध्यक्ष शेर बहादुर थापा, प्रेस चौतारी नेपालका पुर्व अध्यक्ष एवम् लुम्बिनी प्रदेश कोषाध्यक्ष एलबी थापा लगायतले शुभकामना मन्तब्य राखेका थिए। कार्यक्रममा उनीहरुले संगठनले संगठन सुदृढीकरण र सबल, पेशालाई सर्वोपरि ठानी अगाडि बढ्नुपर्ने कुरामा जोड दिएका थिए। यसैगरी उनीहरुले संगठनमा आवद्ध शिक्षकहरुले पेशागत आचारणमा समेत सुधार गर्दै जानुपर्ने र शिक्षण पेशालाइ समेत मर्यादित बनाउदै अगाडि बनाउनुपर्ने कुरामा गम्भीर बन्न सुझाव दिएका थिए। कार्यक्रममा १ दर्जन भन्दा बढी शिक्षकहरु नेपाल राष्ट्रिय शिक्षक सङ्गठनमा आवद्ध भएको आयोजकले जनाएको छ।

# स्वास्थ्य सेवामा प्रभावकारिता विषयक साझा सभा सम्पन्न

गिता गौतम
झुलेनी पोष्ट प्यूठान

बुधबार पारस्परिक जवाफदेहिता परियोजना स्वास्थ्य सेवामा प्रभावकारीता विषयक साझा सभा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम जिल्ला स्तरीय नागरिक समाज संजाल प्यूठानको आयोजनामा प्यूठान नगरपालिकाको सभाहलमा आज सम्पन्न भएको हो।

हरप्लेस प्यूठानका जिल्ला अधिकृत पम्फा पन्थले स्वागत मन्तव्यसँगै कार्यक्रमको बारेमा जानकारी गराएकी थिइन। कार्यक्रममा स्वास्थ्य क्षेत्रमा सहजरुपमा एम्बुलेन्स सेवाको पहुचँ पुर्याउने, आखाँ उपचार, स्वास्थ्य बिमा लगाएतका विषयमा छलफल गरिएको छ।

सो कार्यक्रमको अध्यक्षतामा जिल्ला स्तरीय नागरिक समाजका सयोंजक नेत्रमणी आचार्य, प्रमुख अतिथी प्यूठान नगरपालिकाका प्रमुख अर्जुन कुमार कक्षपती र विशेष अतिथी जिल्ला स्वास्थ्य कार्यलय प्यूठानका प्रमुख मधुसुधन खड्का रहेका थिए। विपन्न वर्गका व्यक्तिहरुलाई सहजरुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने र जेष्ठ नागरिकहरुलाई निशुल्क उपचारको व्यवस्था मिलाउने कुरामा जोड दिनुपर्ने नगर प्रमुख अर्जुन कुमार कक्षपतीले बताए। विशेष अतिथीको रुपमा उपस्थित प्यूठान जिल्लाकी मानव अधिकारकर्मी पार्वता आचार्यले मानिसका आधारभूत आवश्यकताका पक्षलाई व्यवस्थित ढङ्गबाट कार्यन्वयनमा लैजान सरकारी निकायले गम्भीर रुपमा ध्यान पुर्याउन आवश्यक रहेको बताए। साथै कार्यक्रमका सहभागीहरुले प्यूठान अस्पतालबाट दिईने सेवाहरु सहज, सर्वसुलभ र निशुल्क रुपमा उपलब्ध गराउनु पर्नेमा जोड दिनुपर्ने बताएका छन।

## छोटकरी

# सरुमारानीमा निशुल्क स्वास्थ्य शिविर

झुलेनी पोष्ट
प्यूठान

सरुमारानी गाउँपालिका निःशुल्क स्वास्थ्य शिविर गरेको छ। शनिबार आयोजना गरेको निःशुल्क बृहत स्वास्थ्य शिविर कार्यक्रमबाट गाउँपालिका भित्रका ५ सय ८५ जना बिरामीहरुले लाभ लिएका छन्।

सरुमारानी गाउँपालिकाका अध्यक्ष झगबहादुर विश्कर्माले शिविरको उदघाट्न गर्दै ग्रामिण क्षेत्रका विपन्न वर्गका नागरीकहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउने उद्देश्यले शिविरको आयोजना गरि एको बताए। स्वास्थ्य शिविरबाट मेडिसिन तर्फ ९९ जना, स्त्रीरोग ९०, सर्जरीत १०, बालरोग २१, हाडजोर्नी १ सय ३७, नाँक कान तथा घाँटीरोगका ६१ जना बिरामी, आँखा सम्बन्धी १ सय २१ जना, छाला तथा यौन रोग तर्फ ४३ जना र मानसिक रोग सम्बन्धि उपचार तथा परामर्श ३ गरी ५ सय ८५ जना विरामीहरूले सेवा लिएको स्वास्थ्य शाखा प्रमुख टेकेन्द्र रायमाझीले जानकारी दिए। शिविर सरुमारानी गाउँपालिका र नेपालगञ्ज मेडिकल कलेज कोहलपुर र एनजीएमसी होप्सको प्राविधिक सहयोगमा भएको थियो। जनता माद्यामिक विद्यालय बडडाँडामा भएको थियो। शिविर मा ९ जना विशेषज्ञ चिकित्सक र १२ जना इन्टर्न चिकित्सकद्वारा सेवा दिइएको प्रमुख रायमाझीले बताए।

# ऐरावती गाउँपालिका प्यूठानको दशौं गाउँसभा सम्पन्न

झुलेनी पोष्ट
प्यूठान

जिल्लाको ऐरावती गाउँपालिकाको दशौ गाउँसभा आज विहिबार ऐरावती गाउँपालिका बरौलामा सम्पन्न भएको छ। ऐरावती गाउँपालिकाका अध्यक्ष नबिल बिक्रम शाहको अध्यक्षतामा भएको गाउँ सभाबाट ४ वटा ऐन पारित भएका छन। विद्यायक समितीका संयोजक भरत खड्काले गाउँसभामा उक्त ऐन पेस गरेका थिए। पारित भएका ऐनअन्तर्गत स्वास्थ्य तथा सरसफाई ,स्वास्थ्य, कृषि र वन ऐन रहेका छन। त्यस्तै कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष बुद्ध बस्नेतले आ व ०७८/०७९ को आर्थिक ऐन संसोधन सहित गाउँसभामा पेस गरेका थिए। उक्त ऐन गाउँसभाले पारित गरेको छ।

दशौं गाउँ सभालाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष नविल विक्रम शाहले आफुहरु ५ बर्षको लागि चुनिए पनि ऐरावतीमा विकासको जग बसाल्न सफल भएको बताए। साथै उनले ऐरावतीको विकास निर्माण र अन्य हरेक गतिविधिहरु सञ्चालन गर्दा आगामि दिनहरुमा पनि हातेमालो गेरर कार्ययोजना बनाउने बताए। मितव्ययी र शुशासन युक्त गाउँपालिका निर्माण गर्नको लागि अध्यक्ष शाहले जनप्रतिनिधि र कर्मचारीहरुलाई अनुरोध समेत गरेका छन।

उनले गाउँपालिकामा कानुनी अड्चनका कारण रोकिएको झिमरुक बिजुली लिफ्ट आयोजनाको काम सुचारु हुने समेत जानकारी दिए। गाउँपालिकामा हाल सम्म कुल बजेट मध्ये ३३.८ प्रतिशत बजेट मात्र खर्च भएको गाउँपालिकाले जानकारी दिएको छ।

# कृषि सामाग्री वितरणले किसानहरू उत्साहित

झुलेनी पोष्ट
प्यूठान


स्मार्ट कृषि गाउँ कार्यक्रम अन्तर्गत प्यूठानको माण्डवी गाउँपालिका वडा नं.२ का ६१ कृषकहरुलाई २/२ वटाका दरले क्यारेट वितरण गरिएको छ। एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यलय खलंगा प्यूठानको आर्थिक सहयोगमा नमुना कर्षि गाउँ बनाउने उद्देश्य सहित अगाडि सारिएको योजना अनुसार क्यारेट वितरण गरिएको मर्कावाङ स्मार्ट कृषि गाउँ कार्यक्रमका कृषि प्राविधिक सहजकर्ता शिवराज शर्माले जानकारी दिए। यस अघि कार्यक्रमले स्मार्ट कृषि गाउँ कार्यक्रम सुरुभएको केही महिना भित्रै कृषि उत्पादन दोब्बर बनाउँदै कृषमा आत्मनिर्भर प्रदेश बनाउँने उद्देश्यकासाथ संचालित स्मार्ट कृषि गाउँ कार्यक्रम अन्तर्गत छनौटमा परेका प्रत्येक कृषकहरुको घर ,घरमा स्मार्ट कृषि पोखरी, समेत निमार्ण गरिसकेको छ। पछिल्लो समय स्मार्ट कृषि गाउँ कार्यक्रम प्यूठानको माण्डवी गाउपलिका वडा नं. २ मर्काबाङमा प्रभावकारी बन्दै गएको छ।

त्यहाँका कृषकहरुले मौषमी तथा वेमौषमी रुपमा टमाटर, आलु, अदुवा, सिम्लामिर्च, बन्दा, काउली लगायतका तरकारी बालीहरु प्रशस्त मात्रामा उत्पादन गर्दै आएका छन्। यस कार्यक्रम मार्फत अब त्यहाँका कृषकहरुलाई कृषिमा सहजता दिनका लागि थप एक एक वटा क्यारेट र हाते ट्याक्टर समेत विरतण गरिने कृषि सहजकर्ता शर्माको भनाई छ।

# पाँचौ राष्ट्रिय हाप्कीडो च्याम्पेन्सीप प्यूठानमा हुने

प्यूठान। पाँचौं हाप्कीडो च्याम्पेन्सीप प्यूठानमा हुने भएको छ। हाप्कीडो च्याम्पेन्सीप प्यूठानको आयोजना तथा केन्द्र र प्रदेशको समोन्वयमा चैत्र ५ गते देखि चैत्र ७ गते सम्म केन्द्रिय स्तरको प्रतियो गिता हुने भएको हो। सोमबार पत्रकार सम्मेलन गर्दै हाप्कीडो संघ प्रदेश कमिटिका सचिव एवम संघका प्यूठान जिल्ला अध्यक्ष टेकराज केसीले जानकारी दिए। उनका अनुसार देश भरका १० हजार भन्दा बढि खेलाडिको उपस्थीतिमा प्रतियोगितामा सहभागी हुनेछन्। राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने मुलनारालाई आत्मसाथ गर्दै माण्डवी गाउँपालिकाको जस्पुर खेलमैदानमा हुने प्रतियोगितामा २० केजी देखी २५ र ७० केजी देखि ७५ तौल विचका समुहका खेलाडिलाई खेलमा सहभागि गराउन लागेको केसीको भनाई छ। जिल्लामा राष्ट्रिय स्तरको खेल नभएको भन्दै यो खेलले जिल्ला चिनाउन महत्वपुण भुमिका हुनेछ। देशभर बाट उपस्थित खेलाडिहरुलाई व्यवस्थापनको लागि तयारी भैसकेको भन्दै केसीले यो खेलबाट जिल्ला चिनाउन सवैको सहयोग रहने पनि केसीले अपेक्षा गरेको बताए।

# के बालबालिकालाई पनि मिर्गौला रोग लाग्छ?



मिर्गौला रोग भन्ने बित्तिकै आमरुपमा युवा तथा वृद्धवृद्धालाई मात्र लाग्ने रोग भनेर बुझ्ने गरिन्छ तर, कलिला बालबालिकालाई पनि मिर्गौलाका धेरै रोगले सताएको हुन्छ कलिलै उमेरमा मिर्गौला फेल भएर कति बालबालिकाले अकालमा ज्यान गुमाउनु परिरहेको छ । सामान्य समस्यालाई समयमा नै उपचार नगर्दा मिर्गौलाका जटिल समस्या भोग्ने बालबालिका धेरै छन् ।

मिर्गौलाको रोग भनेको 'साइलेन्ट' रोग हो । यसका लक्षण हत्तपत्त देखिँदैन । तर, जब देखिन्छ त्यो बेला ढिला भइसकेको हुन सक्छ । बालबालिकाहरुमा पटक-पटक पिसाबको संक्रमण देखिन्छ भने त्यो मिर्गौलाको समस्या हो भनेर बुझ्नुपर्छ । यस्ता कुरामा अभिभावक सचेत हुनुपर्छ । पिसाबको संक्रमणको शंका लागेपछि अभिभावकले तत्कालै स्वास्थ्य संस्थामा लगेर उपचार प्रक्रिया अगाडि बढाउनु पर्छ । यस्तो संक्रमणको समयमै उचित उपचार गराउनुपर्ने हुन्छ। बच्चामा पिसाबको संक्रमण विभिन्न कारणले हुन सक्छ । सामान्यतया बालिकाको तुलनामा बालकलाई पिसाबको संक्रमण कम हुन्छ । तर, बालकमा पिसाबको संक्रमण देखियो भने त्यसले मिर्गौलामा समस्या निम्त्याएको हुन सक्छ। बालकहरुलाई मिर्गौलाको बनावटमा फरक, पिसाब थैली, पिसाब नलीमा समस्या, पिसाब फर्ने बाटोका छाला पूरा नफर्किंदा, कब्जियत तथा लामो समयसम्म पिसाब रोक्ने बानीका कारण संक्रमण देखिन्छ । यस्ता समस्या देखिए तुरुन्तै उपचारमा जानुपर्छ । यस्तै, बालिकाहरुमा भने मुत्रद्वार र गुह्वारको सरसफाइ नहुँदा संक्रमण हुने गर्छ बालिकाहरुलाई अभिभावकले पानीले दिसा सफा गर्दा पछाडिबाट अगाडि हात ल्याएर धुनु हुँदैन । यसो गर्दा पिसाबको संक्रमण हुने खतरा रहन्छ । त्यसकारण अगाडिबाट पछाडि हात लगेर दिसा धोइदिनुपर्छ त्यसपछि पनि सफा कपडाले पुछिदिने गर्नपर्छ । यसका साथै मिर्गौलाको बनावट, पिसाब नली, पिसाब थैलीको समस्याले पनि बालिकाहरुमा संक्रमण देखिन्छ ।

बालबालिकामा पिसाबको संक्रमण पटक-पटक देखिए पनि एन्टिबायोटिक वा अन्य सामान्य उपचार गरेर क्षणिक रुपमा निको पार्ने गरिन्छ तर, उक्त संक्रमण किन दोहोरिरहेको छ ? भनेर थप जाँच गरिँदैन। फलस्वरुप कालान्तरमा त्यसले मिर्गौलामा गम्भीर असर गर्ने खतरा रहन्छ। यस्ता समस्यालाई सामान्य ठानेर चुप लागेर बस्नु भनेको हाम्रा नानीबाबुहरुलाई मिर्गौला रोगको गम्भीर अवस्थामा धकेल्नु हो। यो कुरालाई अभिभावकले बढी ध्यान दिन जरुरी हुन्छ । बच्चाहरुमा देखिने अर्को समस्या 'नेफ्रोटिक सिन्ड्रोम' हो। पिसाबबाट प्रोटिन निस्कने समस्यालाई नेफ्रोटिक सिन्ड्रोम भनिन्छ । धेरैजसोमा यो समस्या वंशाणुगत हुन्छ। पिसाबमा प्रोटिन जाने समस्या सामान्यदेखि जटिलसम्म हुन्छ । केहीमा सामान्य औषधि चलाउँदा निको हुने खालको हुन्छ भने केहीमा पटक-पटक समस्या दोहोरिरहने, औषधिले पनि काम नगर्ने हुन सक्छ। औषधिले काम गरेको छैन भने त्यस्ता बच्चालाई मिर्गौलाको बायोप्सी गरी थप परीक्षणमार्फत उपचार प्रक्रिया अगाडि बढाइन्छ। किनभने समयमा नै प्रोटिन जाने समस्या रोकिएन भने त्यसले भित्रभित्रै मिर्गौला पूरै बिगारिसकेको हुन्छ ।

बच्चाको पिसाबबाट प्रोटिन गएको छ भने उक्त बच्चा विस्तारै सुन्निँदै गइरहेको हुन्छ। पिसाबमा धेरै फिँज आउने, पिसाब कम लाग्ने जस्ता लक्षण देखिन्छन् । यस्तो समस्या आउनेबित्तिकै अभिभावकले बालबालिकालाई अस्पताल ल्याउनुपर्छ । यो समस्यामा धेरै बालबालिकालाई औषधिले नै काम गर्छ तर, औषधि खाएको केही समयपछि पुनः दोहोरिन्छ भने मिर्गौलाको अवस्था हेरेर थप उपचार गर्नुपर्ने हुन्छ।

बालबालिकामा कहिलेकाहीं पिसाबमा रगत देखिने समस्या पनि आउँछ । यस्तो समस्या आएमा सोझै विशेषज्ञ डाक्टरलाई देखाउनुपर्ने हुन्छ। पिसाबमा रगत देखिने धेरै कारण हुन सक्छन् । तीमध्ये एउटा 'ग्लोमेरुलनेफ्राइटिस' हो । यो भनेको नै पिसाबमा रगत जाने समस्या हो। यस्तो कहिलेकाहीँ सामान्य संक्रमणबाट पनि भएको हुन सक्छ भने केहीमा मिर्गौला तथा पिसाब नलीको ठूलो समस्याका कारण हुन सक्छ । संक्रमण बाहेक रोगप्रतिरोधात्मक क्षमतामा असर हुँदा पनि यो समस्याले बालबालिकालाई पिरोल्छ। बालबालिकाको घाँटी तथा छालामा संक्रमण देखिएको छ भने पनि त्यसको कारणले मिर्गौलामा असर पार्ने हुन सक्छ । संक्रमण भएको दुई-तीन हप्तामा मिर्गौलामा असर पुग्ने यस्तो समस्यालाई पोस्ट स्टेप्टोकल ग्लुमेरुलनेफ्राइटिस' भनिन्छ । यो समस्यामा बच्चाको पिसाबबाट प्रोटिन निस्कने, रगत आउने, रक्तचाप बढ्ने, पिसाब कम हुनेजस्ता लक्षण देखिन्छ। उमेर पुगिसकेका बालबालिकाहरुमा ओछ्यानमा पिसाब गर्ने बानी छ भने त्यो पनि मिर्गौलाको समस्या हुन सक्छ। सामान्यतया बालबालिका तीन-चार वर्षको हुँदा ओछ्यानमा पिसाब फेर्ने समस्या रोकिने गर्छ । तर कुनै बच्चा ८-१० वर्षसम्म पनि ओछ्यानमा पिसाब गर्छ भने त्यो समस्या हो । यसलाई 'एनोरोसिस' भनिन्छ। आम मानिसमा उमेर बढ्दै गएपछि यो समस्या ठिक हुन्छ भन्ने सोच छ । तर, नियन्त्रण भएन भने त्यसले भित्र मिर्गौला बिगार्ने खतरा हुन्छ भन्ने धेरैलाई पत्तो छैन । यस्तो समस्या सामान्य संक्रमण, पिसाब थैलीमा समस्या, कब्जियतजस्ता कारणले निम्तिएको हुन सक्छ । पहिला त्यसलाई पहिचान गरेर उपचार गर्नुपर्ने हुन्छ। समयमा उपचार गरिएन भने यो समस्या भएका धेरै बच्चाको पछि मिर्गौला फेल हुने खतरा रहन्छ। साथै बच्चालाई मानसिक समस्या पनि थपिन सक्छ । बालबालिकाहरुमा जन्मजात मिर्गौलाको समस्या पनि आउने हुन्छ । कतिपयमा जन्मदा नै मिर्गौला अन्यत्र स्थानमा हुने, एउटा मात्र हुने, नली सुन्निने, पिसाब थैलीमा समस्या हुने पनि हुन्छ । केही बालबालिकामा भने जन्मेको केही समयपछि पत्थरी हुने र मिर्गौला बिग्रने समस्या पनि देखिएको छ। यस्ता समस्याको समयमै पहिचान गरी उपचारमा जानुपर्ने हुन्छ। बालबालिकाको मिर्गौलामा हुने सबै रोग तथा समस्याको नेपालमा उपचार सम्भव छ।



डा. विवेक तोदी

- S G N6OF6 K]8OE6$ GKMNEH : 6, GIE$ C : KTEN _

## जो अल्लोको.....

बनाउथिन् । त्यो बेलासम्म उनलाई जिल्लामा कसैले चिन्दैनथे । अहिले त्यहि सुरुको सिपले उनलाई अल्लो कपडा व्यवसायी बनाएको छ । देशभर अल्लो अभियान्ताकोरुपमा चिनाएको छ । दर्जनौ पुरस्कार दिलाएको । चित्रकलीले २० वर्षअघि १० हजार रुपैयाँ लगानीबाट नौबहिनी-६, बाहने बजारमा अल्लो व्यवसाय थालेकी थिइन् । अहिले उनी वार्षिक करिब ५० लाख बढीको कारोबार गर्छिन् ।

गाउँमा खेर जाने सिस्नो उपयोग गरेर आम्दानी गर्न सकिन्छ भन्ने उनलाई सुरुमा व्यावसायिक महत्त्व जिल्ला लघुउद्यम विकास कार्यक्रमले बुझाएको बताउछिन् । अल्लोको अन्तर्राष्ट्रिय बजार हुदोरहेछ भन्ने उनले पछि मात्रै थाहा पाएको बताइन। अल्लोलेनै विदेशमा समेत जाने अवसर मिलाएको बताइन् । 'अल्लो त महत्त्वपूर्ण रहेछ',उनले भनिन्,'यसैले पदक पनि दिलायो । वर्षमा दुई / चार लाख रुपैया कमाइपनि भइरहेको छ । विदेश भ्रमण पनि गर्ने अवसर पाइयो ।' अल्लोका पोसाकको माग बढ्दै गएपछि उनले अल्लो उद्योगमा लगानी पनि बढाएकी छन् । बाहनेबाट जिल्लाको व्यापारीक केन्द्र बाग्लुङमा समेत अल्लो उद्योगको बिस्तार गरेकी छन्। उनको उद्योगमा ढेड दर्जन बढी कामदार संलग्न छन् । चित्रकली अल्लो कपडा बिक्री गर्न मेला-महोत्सवसमेत धाउछीन्। श्रीमान जिल्लामा ठूला कार्यक्रम जहाँ हुन्छ त्यही अल्लोको टोपी लगेर बिक्री गर्न पुगीहाल्छन्। चित्रकलीको कोठी हिमाल अल्लो उद्योगमा अल्लोको कोट, टोपी, जुत्ता, पछ्यौरा, झोला, पर्सलगायत सामान बन्छ । कोठी हिमाल अल्लो उद्योगको कपडा धेरै प्रख्यात भएको छ।

प्यूठान मात्रै होइन, छिमेकी रोल्पा, रुकुम, बागलुङका महिलालाई समेत उनले अल्लो धागो खरिद बिक्रीमा संलग्न गराएकी छिन्। उनको उद्योगमा उत्पादीत अल्लोको कपडा साउदी, कतार, अस्ट्रेलिया,मलेसिया, थाइल्यान्ड, इजरायल, सिंगापुरमा समेत निर्यात हुन्छन् । नौबहिनी गाउँपालिकाले त अल्लो उद्योगलाई प्रोत्सहान गर्न भन्दै सबै जनप्रतिधिले अल्लोको कपडा लगाउने अनिवार्य व्यवस्था समेत गरेको छ। जिल्लामा आउने पाहुनालाई मायाको चिनो चित्रकलीको उद्योगमा बनेको अल्लोको सामाननै हुने गरेको छ। प्यूठानको स्याउलीवाङ, अर्खा, लुङ, रजवारा, ओखरकोट,डाम्री, जुम्रीकाँडा क्षेत्रमा अल्लो पाइन्छ । यही अल्लोलेनै चित्रकलीको अल्लो उद्योग चलेको छ।


## नगरवासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री नगरपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

अनुरोधक



प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार प्यूठान

## कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

किसान एग्रोभेट,
किसान एग्री एण्ड फिड सप्लायर्स
प्यूठान न.पा.-४, जुम्रि प्यूठान

सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८७८८

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।

# नेपालमा कसरी गर्ने रासायनिक विषादी न्यूनीकरण

नेपाल एक कृषि प्रधान देश हो। ६०.४ प्रतिशत जनसंख्या कृषिमा संलग्न रहेका छन् । अरुको देशको तुलनामा यो धेरैनै भएको मानिन्छ तरपनि अझै नेपालमा कृषि उपज विदेशी देशहरुबाट भित्रिदो क्रम बढ्दो रहेको छ । यसलाई न्युनिकरण गर्नका लागि खेतिको गुणस्तर तथा तरकारी फलफूलमा उपयुक्त खेति गर्नु पर्ने देखिन्छ। नेपालको बजारमा बढि मात्रामा कृषिमा कारोबार हुने भनेको तरकारी र फलफूल हो । तर नेपालमा विगत केही समयदेखि तरकारी तथा फलफूलमा प्रयोग हुने विषादीबारे चर्चा हुन थालेको छ । सामाजिक सञ्जालमा पनि यसबारे प्रश्न उठ्न थालेका छन् ।

स्थानीय तहदेखि केन्द्र तहसम्म यसबारे बहस सुरु भएको छ र राजनीतिक स्तरबाट यो मुद्दालाई सम्बोधन गर्ने प्रतिबद्धता पनि व्यक्त भइराखेका छन्। ८०% तरकारी तथा फलफुल बालिमा मात्र प्रयोग हुने कुरा विभिन्न अध्ययन अनुसन्धानको आँकडा छ ।

नेपालमा आयात हुने विषादीमध्ये ८५ प्रतिशत विषादी तरकारीमा प्रयोग हुने गरेको पाइन्छ । विषादीका मूलतः दुई वटा विषेशता हुन्छन्। पहिलो, केही खतरनाक विषादी हाम्रो शरीरमा प्रवेश गरेपछि अन्य तरल पदार्थजस्तो नाश भएर जाँदैन। दोस्रो, विषादीको अवशेष जम्मा भएर मानिस र प्रकृतिका ठूलाठूला जीव र पशुपक्षीलाई झन् धेरै असर गर्छ। यसै कारणले गर्दा लामो समयसम्म विषादीको संसर्गमा आएपछि प्रजनन् क्षमतामा ह्रास आउने, विभिन्न किसिमका (क्यान्सर, रक्तक्यान्सर, मस्तिष्क, मिर्गौला, पित्तथैली, फोक्सो र छाला सम्बन्धी क्यान्सर) हुने सम्भावना बढ्ने अध्ययनहरुले देखाएका छन्। तत्काल स्वास्थ्य समस्याका रुपमा भने छालामा एलर्जी हुने, आँखा पोल्ने, रिंगटा लाग्ने, वाकवाकी लाग्ने, टाउको दुख्ने, पेट दुख्ने, शरीर कमजोरी हुनेगर्छ । विषादीले आमाको गर्भ र स्तनपानबाट पनि बच्चाको शारीरिक र मानसिक विकासलाई असर गर्छ । चीनमा बर्सेनी ५ लाख व्यक्ति विषादीको संसर्गमा आएर बिरामी पर्ने गरेका छन्, जसमध्ये ५ सय जनाले प्रत्येक वर्ष ज्यान गुमाउँछन् ।

नेपालमा विषादीको प्रयोगबाट हुने आत्महत्या र विषादीबाट हुने आकस्मिक दुर्घटनाका प्रहरी तथा अस्पतालका तथ्यांकबाहेक समुदायमा विषादीको प्रयोगबाट देखिएका स्वास्थ्य समस्याबारे कुनै लेखाजोखा हुने गरेको छैन। हेल्थ म्यानेजमेन्ट इन्फर्मेसन सिस्टम (एचएमआइएस) मा पनि यस विषय रेकर्ड गर्नका लागि कुनै स्थान राखिएको छैन । यस विषयमा स्वास्थ्यकर्मीहरुका लागि पर्याप्त अभिमुखीकरण पनि छैन । विषादीको संसर्गमा आएर उक्त स्वास्थ्य समस्या देखिएको हो कि भनेर सोध्ने प्रचलन र यस विषयसँग दिनुपर्ने परामर्श सेवा न्यून रहेको छाविषादी प्रयोगलाई व्यवस्थापन गर्न संघीय ऐन पनि निर्माण प्रक्रियामा छ भने प्रदेश र केही स्थानीय तहका सरकारहरु पनि आवश्यक नीति, निर्देशिका एवं योजना तर्जुमा अभ्यासमा जुटिरहेका छन् । यो अत्यन्तै सकारात्मक पक्ष हो। रासायनिक विषादी न्यूनीकरणका अनेकौं चुनौती छन्, यद्यपि यी चुनौतीको सही पहिचान गरी एकीकृत ढंगले अगाडि बढ्न सके विषादी न्यूनीकरण केही वर्षमै सम्भव छ। यसै प्रसंगमा आयातित कृषि उत्पादनहरुको गुणस्तर सुनिश्चित गर्ने नीतिगत एवं प्राविधिक प्रावधानहरु आवश्यक छन् नै, तर देशभित्र कृषिमा विषादी प्रयोग न्यूनीकरणका लागि केही सम्भावित उपायबारे विवेचना र विश्लेषण गरिनुपर्छ ।

**रासायनिक विषादीका विकल्पको खोजी र पहुचमा वृद्धि :**

प्रायः कृषकहरु रासायनिक विषादी प्रयोग नगरी उत्पादन नै नहुने ठान्छन् । यो भ्रममात्रै हो, यसमा कुनै सत्यता छैन । पछिल्लो समयमा रासायनिक विषादीका धेरै विकल्पबारे अनुसन्धान भएका छन्। यी विधि एवं प्रविधिहरु उत्पादनको दृष्टिकोणले उत्तिकै प्रभावकारी सावित भएका छन् र रासायनिक विषादीको तुलनामा महँगो पनि छैनन् । विभिन्न प्रकारका मोहिनी पासो, बत्तीको पासो, पहेँलो पासो जस्ता शाकाणुजन्य विषादी वा न्युक्लियर पोलिहेड्रोसिस भाइरस जस्ता विषाणुजन्य विभिन्न वैकल्पिक प्रविधिहरु बालीनालीमा लाग्ने रोग-किराको व्यवस्थापनमा प्रभावकारी देखिएका छन्। तर नेपालमा भने यी प्रविधिको धेरै उपयोग गर्न सकिएको छैन ।

बहुसंख्यक कृषकमा यस्ता वैकल्पिक प्रविधिबारे जानकारी नै छैन । यसबारे जानकार कृषकका लागि पनि यी प्रविधिहरु सहज रुपमा उपलब्ध छैनन् । त्यस्तै गाउँघरमै पाइने वनस्पती र गाईवस्तुको पिसाब प्रयोग गरी बनाइने जैविक विषादी पनि उत्तिकै प्रभावकारी र सुरक्षित पाइएको छ तर यसको व्यावसायिक उत्पादनमा जोड दिइएको छैन । पाकेको गोबर मल, कम्पोस्ट मल, गड्यौला मलले बालीनालीलाई आवश्यक पर्ने धरै पोषण तत्वहरुको परिपूर्ति गर्छ र तिनको नियमित प्रयोगले रासायनिक मललाई विस्थापित पनि गर्न सक्छ। त्यसैले, विषादी प्रयोगको न्यूनीकरणलाई टेवा पुऱ्याउन यस्ता प्रांगारिक मलको उत्पादनलाई व्यवसायीकरण गर्नुपर्छ । यी वैकल्पिक प्रविधिहरु एवं समग्र आइपिएम र प्रांगारिक खेतीलाई राज्यकै तहबाट नीतिगत तथा व्यावहारिक रुपमा प्रबर्धन गरिनुपर्छ ।

**उपभोक्ता र कृषक सचेतना:**

उपभोक्ताको छनोट र मागअनुरुप उपभोग्य वस्तुको पूर्ति गर्नु बजार प्रणालीको सामान्य नियम नै हो। विषादी प्रयोग नगरिएका फलफूल, तरकारी किरा लागेको पनि हुनसक्छ, एकनासले नसप्रेका पनि हुन सक्छन्। यस्ता उपज सामान्यतयाः उपभोक्ताले रोज्दैनन्, नत खरिद नै गर्छन् । यस कारण बजारले कुनै किसिमको जोखिम लिन चाहँदैन र यस्ता उत्पादनलाई प्राथमिकता दिँदैन् । यसरी उपभोक्ताको रोजाइको मनोविज्ञानले विषादी प्रयोगलाई प्रोत्साहित गरिरहेको हुन्छ। विषादीको प्रयोग घटाउन र प्रांगारिक कृषिलाई प्रबर्धनका लागि अन्य प्रयाससँगै उपभोक्ताको रोजाइ र सोचाइलाई घच्घच्याउन आवश्यक छ। यस्तै कारणले गर्दा पनि कृषकमा तुरुन्तै असर गर्ने किसिमको विषादी रोज्ने प्रवृत्ति बढेको पाइन्छ ।

रासायनिक विषादीले हानिकारक र फाइदाजनक दुवैथरी किरा, जीवलाई तत्काल असर गर्छ, मार्छ तर यसको विपरीत जैविक, वानस्पातिक वा घरेलु विधिहरुले हानिकारक किरालाई नमारी तिनको संख्या व्यवस्थापन गर्न सकिने तहमा राख्छ। यो अन्यन्त महत्वपूर्ण कुरा हो, किनभने संसारका ९० प्रतिश किरा माम सारी एबम फाइदाजनक हुन्छन मित्रजीव) र यी हानिकारक किरा (सत्रुजीव) खाएर बाँच्छन् । तसर्थ मित्रजीवलाई संरक्षण गर्नुपर्छ। यसरी सत्रुजीवको व्यवस्थापन गरे मात्र प्रकृति सन्तुलित रहन्छ । प्रकृतिको यस्तो अलौकिक प्रक्रियाको महत्वबारे कृषकमा ज्ञान संप्रेषण गर्न र अत्यधिक र अव्यवस्थित विषादी प्रयोग गरेर तत्काल नाफा खोज्ने प्रवृत्ति घटाउन अपरिहार्य छ ।

**बजार व्यवस्थापन:**

नेपालमा विषादी प्रयोग गरिएको र प्रांगारिक कृषि उत्पादनको बिक्री वितरणका लागि छुट्टछुट्टै बजार नभएको हुँदा सचेत उपभोक्ताले प्रांगारिक उत्पादन खरिद गर्न चाहे पनि यो अवसर सहजै उपलब्ध छैन । यसले गर्दा प्रांगारिक उत्पादन उपभोग गर्न चाहनेहरुका लागि पनि विषादी प्रयोग गरिएको कृषि उत्पादन नै खरिद गर्नुपर्ने बाध्यकारी अवस्था विद्यमान छ । यस्तो स्थिति रहुन्जेल आम नागरिकमा प्रांगारिक उत्पादनको उपभोग गर्ने संस्कारको विकास हुँदैन र प्रांगारिक कृषि प्रबर्धनमा धेरै अपेक्षा गर्न सकिँदैन। तसर्थ, रासायनिक विषादी प्रयोग भएको र नभएको उत्पादन बिक्रीका लागि बजारमा छुट्टाछुट्टै स्थानको व्यवस्था गरिनुपर्छ। साथै, उत्पादनमा विषादी प्रयोग भएको र नभएको वा कति भएको छ, यकिन गर्न विषादी मापन केन्द्र स्थापना गरी अनिवार्य विषादी परीक्षणको व्यवस्था गरिनुपर्छ। नेपालमा भित्रिने र नेपाल भित्रका खाद्य उत्पादन, तरकारी, फलफूल, माछा, मासुमा विषादी परीक्षण अनिवार्य गरिनुपर्छ र दण्ड सजायको प्रावधान हुनुपर्छ। विषादी प्रयोग भएरनभएको वस्तुको मूल्य पनि केही मात्रामा फरकफरक तोकिनुपर्छ। यसले गर्दा रासायनिक विषादीका विकल्पहरु अबलम्वन गर्नेहरुका लागि तत्काल प्रोत्साहन मिल्नेछ र विषादी न्यूनीकरणका कार्यक्रमहरु पनि प्रभावकारी हुने छन् ।

यस क्षेत्रमा गर्नुपर्ने क्रियाकलाप धेरै छन, यद्यपि माथि उल्लेख गरिएका बुँदाहरुमा कृषि, स्वास्थ्य र बजार क्षेत्रले समन्वय गरी एकीकृत रुपमा नीतिगत र स्थानीय तहमा काम गर्न सकेमा पक्का पनि रासायनिक विषादीमुक्त उत्पादन र स्वस्थ जीवन टाढाको सपना हुने छैन ।



शिवराज शर्मा

**(हाल मर्कवाङ स्मार्ट कृषि गाउँ कार्यकमको कृषि प्राविधक सहजकर्ताको रूपमा कार्यरत रहेका छन ।)**

**राजनीतिबाट बिभत्स.....**

सक्तैन । नागरिकका आधारभुत आवश्यकता पुरा गर्न नसक्ने व्यवस्था जनताको व्यवस्था हुन सक्तैन । हरेक नागरिकले सुरक्षित महसुस गर्न नसक्ने देशमा लोकतन्त्र हुन सक्तैन । भोक र रोगविरुद्धको सुनिस्चितता दिन नसक्ने शासकहरुले समाजवादमा हैन असल पुजिवादमा समेत पुर्याउँन सक्तैनन्। यसर्थ यो अवस्था तत्कालै बदल्न जरुरी छ । राजनीतिकर्मीहरु सार्वजनिक व्यक्ती हुन । यसर्थ राजनीतिक दल र नेताको अभिव्यक्ती पनि सार्वजनीक सवाल हो । हरेक राजनीतिक प्रतिवद्धताहरु आम जनता र जनताप्रतिको दायित्वको रुपमा बुझेर राजनीतिक घोषणा र प्रतिवद्धता माथिको उत्तरदायित्व र जवाफदेहिता सुनिस्चित गरिनुपर्छ । जसबाट बल्ल राजनीतिक इमानदारिता झल्को देखा पर्ने हुन्छ ।

झुलेनी पोष्ट साप्ताहिक

समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क

०८६-५९०४३६

Email :
jhulenipyuthan@gmail.com

"हामी सबैको एउटै रहर, पूर्ण सरसफाई यूक्त हाम्रो नगर,
पूर्ण सरसफाई यूक्त हाम्रो नगर, अब छैन कसैलाई रोगको डर"

## सम्पूर्ण नगरवासीमा प्यूठान नगरपालिकाको अपिल

**फोहोर व्यवस्थापन सन्देश :**

- फोहोरलाई श्रोतमै बर्गिकरण गरी पुन: प्रयोग गरौं ।
- कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी कौशी खेती प्रर्बद्धन गरौं ।
- फोहोरको दिगो व्यवस्थापन गरौं, वातावरण संरक्षण गरौं ।
- नजाने फोहोर जाने मोहर
- फोहोर मैला व्यवस्थापन गरौं, जिम्मेवार नागरीक बनौं ।
- आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- हानिकारक फोहोरलाई साधारण फोहोरमा नमिसाउँ ।
- फोहोरमैला व्यवस्थापनमा अग्रसर होऔं स्थानीय निकाय सित हातेमालो गरौं ।
- पुर्ण सरसफाईमा हाम्रो प्रतिबद्धता दिगो फोहोरमैला व्यवस्थापन आजको आवश्यकता ।

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन विसाउने वा बिसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन-स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डि तथा माछाको कत्ला आदी सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि

**सजाय : माथी उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५00, दोश्रो पटक भए रु.१000 र तेश्रो पटक वा सो भन्दा बढि पटक गरेमा रु. ३000 जरिवाना र फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल गर्न सक्नेछ ।**

अनुरोधक :
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
विजुवार, प्यूठान

तपाइको घर तथा अफिस अफिसको साथी .......

हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स

प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)



घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

मो.नं.: ९८५७८३३४५५

पृथ्वी एग्रोभेट सेन्टर

प्यूठान न.पा.-८, बाग्दुला प्यूठान



हामिकहाँ विभिन्न प्रकारका बिउबिजन, विषादी, कम्बाईन मिल, मिनिटिलर, थ्रेसर, रोटामेटर लगायत कृषि सम्बन्धी सम्पूर्ण सामग्री उपलब्ध छ।

तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो .......

राज डेकोर होम

9857821586



घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ

## स्वास्थ्य मापदण्डको पालना गरौं ।

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफै बाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, खलंगा प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान